# ग्रामीण कन्दरा

## चारतारे युवा क्लव सिवाईसी नेपाल

**संरक्षक**
चण्डिप्रसाद शर्मा पौडेल

**सल्लाहाकार**
जगन्नाथ आचार्य
लक्ष्मण खड्का
विरवहादुर किसान

**प्रधान सम्पादक**
गोपाल कुमार शर्मा

**सम्पादक**
सीता शर्मा

**कम्प्युटर**
सुमन जि.सी.

**व्यवस्थापन**
संगिता शर्मा पौडेल
प्रतिभा शर्मा
प्रतिमा आचार्य

**प्रकाशक**
**चारतारे युवा क्लव, नेपाल**
बा.न.पा.-३, माफकोट,
बागलुङ

# यसभित्र....................................

| शिर्षक | पेज नं. |
|---|---|
| अध्यक्षको कलम | १ |
| संस्थागत परिचय | ७ |
| आ.व. ०७८।०७९ को वार्षिक प्रगति प्रतिवेनद र आ.व. ०७९।०८० को प्रस्तावित नीति तथा कार्यक्रम | ११ |
| आ.व. ०७८।०७९ को आर्थिक प्रगति प्रतिवेदन र ०७९।०८० को प्रस्तावित आय-व्यय विवरण | २७ |
| ०७८।०७९ को लेखापरिक्षण प्रतिवेदन | ३२ |
| विद्यालय सहकार्यको नयाँ स्वरुप : गुणस्तरीय शिक्षा प्रवर्धनमा सिवाईसी नेपालको कार्यदिशा | ४४ |
| सिवाईसीसंगै जन्मीएको समाजसेवा | ४६ |
| सिर्जनशील युवा केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका | ४९ |
| सभा सञ्चालन कार्यविधि | ५७ |
| नोट | ६० |

# सिवाईसी नेपाल जागरण विकास सञ्जालिकरण आत्मनिर्भर हुँदै संक्रमणदेखि पुनसंरचनासम्मः

**चण्डिप्रसाद शर्मा पौडेल**
**अध्यक्ष**



**"परिणाम नखोजि कारणमात्र खोजिरहने"** समाजलाई शोषण रहित, शिक्षित आत्मनिर्भर बनाउने सकारात्मक सोचका साथ आजभन्दा ३० वर्ष पहिले स्थापना भएको चारतारे युवा क्लव नेपाल आज ३१ औं वर्षमा प्रवेश गरिरहेछ । २०४६ सालको ऐतिहासिक जन आन्दोलनबाट मुलुक बहुदलिय सासन प्रणालिमा रुपान्तरित भए पश्चात नेपाली जनताहरु विभिन्न राजनैतिक पार्टीको झण्डामुनि गोलबन्द भै रहेका थिए । लामो समय सम्मको एकदलीय सोच तर शासन बहुदलीय भएकाले सरकार संघ सस्था र राजनैतिक दलहरुमा लोकतान्त्रिक आचरण र प्रजातान्त्रिक संस्कारको विकास भई नसकेको हुँदा समाजमा सामाजिक कलहहरु बढिरहेका थिए । युवाहरु विभाजित अवस्था र ईष्यामा थिए । जुवा, तास, जाँड रक्सीले समाज आक्रान्त थियो । यी कुराहरुले मेरो कलिलो मानसपटलमा झकझकाई रहन्थ्यो । त्यतिबेला म महेन्द्र बहुमुखी क्याम्पस बाग्लुङ (हालको धवलागिरी बहुमुखी क्याम्पस) को कानुनको विद्यार्थी थिए । पढ्नको लागि डेरा लिएर बागलुङ बजारमा बस्थे । केहि गरौं भन्ने भावना थियो तर वातावरण थिएन । सोँचे **अँध्यारोमा एउटै वत्ती पनि काफी हुन्छ, पानीलाई उड्नु छ भने आफ्नो रुप बदल्नु पर्छ, महासागरलाई भेट्नु छ भने आफूलाई बगाउँनु पर्दछ** भन्ने जूक्तिलाई आत्मसात गरी २०४८ आश्विन २० गतेका दिन अनायासै तित्याङमा एउटा सामाजिक संस्था स्थापना गर्नु पर्यो भन्ने सोँच आयो । विधानका नमूनाहरु संकलन गरे त्यसलाई तित्याङको आवश्यकतासँग संयोजन गरे । दर्ता गर्ने कुरा गरे नयाँ बाटो बनाउन खोजेर होला शुरुका दिनमा सहयोग भन्दापनि आलोचना र गाली गर्नेहरु धेरै भेटिए । सोँचे सफलता सधैं कठिन यात्राबाट शुरु हुन्छ नयाँ विचार र नयाँ काम गर्न खोज्नेहरुले शुरुमा समाजको आलोचना सहनुपर्दछ भन्ने कुरालाई आत्मसात गरी अगाडि बढ्दै गयौं ।

लामो समय देखि पञ्चायती सोँच र संस्कृतिमा हुर्केको समाजका सोच र शैलीहरु एकैपटक बद्लिने कुरै भएन । दलीय अभ्यास नभएकाले एउटा राजनीति विचार बोकेको व्यक्तिले अर्को विचार बोकेको व्यक्तिलाई

स्वीकार गर्न नसकेको कारणले टोल टोलमा देखिएको फुट र वैमनश्यताका वावजुद हामी १ वर्षसम्म अलमलिइ रह्यो । लामो समयको रस्साकस्सीका बीच दुईवटा संस्थाहरु खुल्ने नै भए शुरुका केही समय एउटै संस्था वनाउने पहल गरियो । तर सकिएन । अन्तत २ वटा संस्थाहरु तित्याङको सीमित भूगोलमा स्थापित भए पहिलो संस्थाको रुपमा चारतारे युवा क्लव तित्याङ सालबोट र अर्को संस्थाको रुपमा जनजागृति युवा क्लव तित्याङ, **"समाजलाई बदल्नु छ भने पहिला आफैबाट थालनी गर्नुपर्दछ"** । **शक्ति बदला मा होइन वदलिनुमा छ** भन्ने कुरालाई आत्मसात गरी अगाडि बढिरहयौं । विधान निर्माण गरेको १ वर्षपछि मिति २०४९/०६/२० का दिन तत्कालीन तित्याङ गा.वि.स. हालको बा.न.पा. ९ अदुवाबारी स्थित पं. रवि प्रसाद उपाध्यायको ऐतिहासिक घरमा वेलुका ८:०० बजे सम्पन्न भेलाबाट संस्थाको नाम र विधान पारित गरी संस्थालाई वैधानिकता दिने निर्णय भए बमोजिम मिति २०४९ आश्विन २६ गतेका दिन जिल्ला प्रशासन कार्यालय बागलुङ मा दर्ता नं. ५४ मा संस्था दर्ता गरियो ।

संस्थाको नाम राख्ने क्रममा हामी वीच धेरै नामहरु आए । हाम्रो संस्थाले सुचना, संगठन, बचत र सीप जस्ता चार वटा आदर्शहरुलाई मूलमन्त्र मानेका कारण चारवाट आउने नाम नै राख्ने भनेर चारतारे यूवा क्लव नाम राखियो । शूरुका दिनमा एउटा पार्टीको झण्डाको चारतारे होकि भनेर तर्सिने र वहस गर्नेहरु धेरै रहे । यी कुराहरुलाई हामीले चिर्दै गयौं । क्रमश सवैले बुझ्दै र सहयोग गर्दै गए । तर शुरुका दिनहरु अत्यन्त कठिन र कष्टकर थिए । विहानै उठेर एउटा डोरी भएको कालो झोलामा सहयोग रसिद, सदस्यता रसिद वोकेर परिवर्तनका कुराहरु सुनाउन सहयोग माग्न तित्याङका कुना कुनामा पुग्दै १० बज्दा नबज्दै स्कुल आउथे । कहिले खान्थे कहिले भोक भोकै हुन्थे । स्कुल छुटेपछि ९, १० बजेसम्म काम गरिन्थ्यो यातायातको व्यवस्था थिएन खाजा खाने पैसा पनि हुनेथिएन राति नै घरमा पुगिन्थ्यो कुनै झर्को नमानिकन खान खुवाउने आमा र श्रीमती संधै प्रेरणा र उत्साह दिइरहने वुवा मेरो प्रगतिको स्रोत केन्द्र हुनुहुन्थ्यो । आफू स्वयं विद्यार्थी भएकाले आर्थिक अभाव थियो तापनि चेतनाको झिल्को फ्याँकेर गरीबहरुमा आत्मविश्वास र आत्मसम्मान जगाउने महान् लक्ष्य र अदम्य साहस म र मेरो तत्कालीन सहयात्रीहरुमा थियो । हामी सामाजिक रुपान्तरणको यो यात्रामा कहिल्यै विचलित बनेनौं, अगाडि बढिरह्यौं  यसरी अनेक उतार चढावका वावजुद शुरुको वर्षमा रु.४,३२५।- मात्र वार्षिक बजेट रहेको संस्था निरन्तरताको प्रयासले आज आफू आत्मनिर्भर बनेको छ, भने आफूले प्रर्वद्धन गरेका सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र सिवाईसी बचत तथा ऋण सहकारी संस्थाले देशका ६२ जिल्लामा अरवौंको संख्यामा कारोवार गर्नुका साथै सयौंको संख्यामा रोजगारी सृर्जना गर्न सफल भएका छन् ।

स्थापनामा धेरैले सिवाईसी आजको अवस्थामा आउला भन्ने कल्पना पनि गरेका थिएनन् । शुरुका दिन हाम्रा लागि अत्यन्त चुनौतीपूर्ण थिए २०/२२ वर्षका अल्लारे युवाहरुले के गर्लान र भनेर हाम्रो कुरा पनि सुनिदैनथ्यो । जवरर्जस्ती रुपमा श्रमदानमा जुटेर हामीले बाटो खन्ने, खाल्टे चर्पी बनाउने, खेलमैदान निर्माण गर्ने, वृक्षारोपण गर्ने, सामाजिक विसंगति र विकृतिको विरुद्ध आवाज उठाउदै निरन्तरको प्रयास पछि व्यक्ति र

समाजलाई हाम्रा कुरा सुन्ने बनायौं र क्रमशः समाजमा हामि प्रतिको विश्वास बढ्दै गयो । कोरियन भोलेन्टियर लिकिसुनको १० हजार र तित्याङ गा.वि.स. को १० हजार गरी काम अगाडि बढायौं । पहिलो परियोजना प्याक्ट नेपाल आजपनि सिवाईसीको प्रेरणाको स्रोत र सम्झीरहने नामहरु हुन् । हिजो दुःखमा एक दुई रुपैयाँ हाँसी हाँसी दिएर हौसला दिने ती सहयोगी मनहरु हाम्रो प्रगतिका स्रोत हुन् । आज त सिवाईसीले माग्दा २/४ लाख जतिबेला पनि जम्मा हुन सक्छ तर त्यतिवेला पहिलो बजेट ४,३२५।- मा त्यहि १/२ रुपैयाँ नै ठूलो थियो । ति स्थापनामा सहयोग गर्ने सबै प्रति संधै आभारी हुँदै कुनै दिन ती सहयोगीहरुको उचित सम्मान र मूल्याङ्कन अवश्य हुनेछ र गर्ने छौं ।

शुरुका दिनमा हामीहरुले युवाहरुको नेतृत्व र व्यक्तित्व विकासका लागी खेलकुदलाई प्राथमिकतामा राखेर ३१ दिनसम्म निरन्तर श्रमदान गरेर तत्कालीन तित्याङ ७ आलेखर्कमा निर्माण गरेको खेल मैदान आज तित्याङ रङ्गशालाको रुपमा विकासको क्रममा रहेको छ । ग्रामीण पर्यटनको रुपमा बागलुङको चिप्लेटीदेखि भकुण्डेको मूलावारी सम्मको ७ कि.मी पर्यटकीय मार्ग निर्माण गरेर भकुण्डेलाई पर्यटकीय गाउँ बनाउँने सपना पुरा भएको छ । सुरक्षित गर्भपतन सेवाले कानुनी मान्यता पाएको छ । कुपोषण भएका वाल वच्चाहरुको उचित उपचार हुन सकोस भनी हामीले धौलागिरी अञ्चल अस्पतालमा निर्माण गरेको पोषण पुनस्थापना केन्द्र र सो मा कार्यरत कर्मचारीहरु नेपाल सरकारमा समायोजन गरी पोषण सेवा निरन्तर रहेको छ । निरंकुशता विरुद्ध २०५९/२०६० र २०६२/२०६३ को आन्दोलनमा सहभागि भै हाम्रा सयौं हकवालाहरु हिरासतमा गएर प्रजातन्त्र प्रतिको आस्था र विश्वास जग जाहेर गरेका थिए । प्रजातन्त्र प्राप्तिमा लागेको वहानमा संस्थालाई खारेजी गर्ने प्रयासलाई सामना गर्दै सिवाईसी निरंकुशताविरुद्धको अभियानमा दृढताका साथ उभिएको थियो । आज जलवायु परिवर्तनका विषयमा ठूला ठूला भाषण र विदेशी सहयोगमा आशक्ति वढिरहेको सन्दर्भमा हामीले हाम्रा अग्रजले थालेका कामहरु बर पिपल रोपण गर्ने, माटेपोखरी मर्मत र निर्माण गर्ने कार्यहरुले जलवायु परिवर्तन रोक्ने प्रयास गरेका छौं । जिल्लालाई मोटरबाटोले जोड्ने काममा सिवाईसी नेपालको अग्रणी भूमिका रहेको छ । ADB को ग्रामीण पूर्वाधार विकास कार्यक्रम सँगको साझेदारीमा बागलुङ बुर्तिवाङ ९० कि.मी र बागलुङ कुश्मिशेरा १९ कि.मी. मोटरवाटोमा ट्रयाक खोल्ने र सामाजिक परिचालन, वायो इञ्जिनियरिङको पार्टमा संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । देशमै पहिलो पटक महिला श्रमिक समूहहरुको गठन गरी **"समान कामका लागि समान दामको अभियान"** संचालन गरी गौरवपूर्ण इतिहाँस रचेका छौं । काम गर्दै जाँदा संस्थाले विभिन्न समयमा आफ्ना रणनीतिहरु बदल्दै आत्मनिर्भर हुन प्रयास गरिरहेको छ । स्थापनाको समय २०४९ देखी ५१ सम्म को पहिलो चरणमा हामीले संस्था स्थापनाको औचित्य, बैधानिकता, सम्पर्क समन्वयमा केन्द्रित गर्‍यौं भने यस अवधिमा संस्थाको मूल मन्त्र लाई हासिल गर्न माटो, बाटो, पानी, खाल्डो जस्ता ४ वटा क्षेत्रहरुमा संस्था क्रियाशील रह्यो । **२०५२ सालदेखि २०५७** सालसम्म को अवधिलाई हामीले विकासको चरणको रुपमा पभिाषित गरेका छौं । यस अवधिमा संस्थाले सरकारी निकायहरुको समेत मन जित्न सफल भयो । देशका २५ भन्दा बढी जिल्लामा संस्थाको विस्तार गर्‍यौं नेपालभर कार्यक्षेत्र बनाउनुका साथै दिगो र आत्मनिर्भर विकासका लागि महिला

लघुऋण परियोजनाबाट रुपान्तरित भै बैंकको मध्यस्थता ऐन हुँदै नेपाल राष्ट्र बैंकमा वित्तीय मध्यस्थ ऐन २०५५ बमोजिम देशभरमै पाँचौं नम्वरमा दर्ता भै लघुवित्त कार्यक्रम सञ्चालन गऱ्यौं । **२०५८ देखि २०६६** सम्म को समय संस्थालाई संजालीकरणको चरणको रुपमा लिइएको छ । यस चरणमा संस्थाले आफूलाई देशव्यापी बनाउन सक्यो । गै.स.स. महासंघको नेतृत्वदायी भूमिकामा रहनुका साथै लघुवित्त संघ नेपालको सदस्यता प्राप्त गर्नुका साथै जिल्लाव्यापी कार्यक्रम सञ्चालन, समाज र समुदायमा उच्च छवि निर्माण, संस्थाले नीति निर्माण तहमा प्रभाव पार्ने गरी सञ्जालीकृत हुन सक्यो भने लघुवित्त कार्यक्रममा राम्रो काम गरिरहेका सदस्यहरुको लागि माग अनुसारको ऋण दिन लघुवित्तको सिमित सिमाले नदिने भई उनीहरु फेरी साहु वा बैंकमा जानुपर्ने अवस्था सिर्जना भएकाले सो अवस्थाको अन्त्य गर्नका लागि मिति २०६६/१२/२६ गतेका दिन सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. बागलुङको स्थापना गरी संस्थालाई व्यापक रुपमा सञ्जालीकरण गरियो । **२०६७ देखि २०७५** सम्मको अवधिलाई संस्थाको स्वर्ण युगको रुपमा चर्चा गर्न सकिन्छ । यस अवधिमा हामीले गै.स.स.लाई लाग्ने गरेको परनिर्भरताको आरोपलाई मेट्न सफल भयौं । यसै अवधिमा हामीले सञ्चालन गरिरहेको लघुवित्त कार्यक्रमलाइ रुपान्तरण गरि 'घ' वर्गको राष्ट्रिय स्तरको वित्तिय संस्था बनाई २०७५/१२/०१ देखि सवै कार्यक्रम त्यो रुपान्तरित संस्थालई हस्तान्तरण गऱ्यौं । संस्थाले सो वित्तिय संस्थामा ५१ प्रतिशत शेयर आफ्नो नाममा लिन सफल भयो । यो हामी सवैको गौरवको विषय बन्यो तर संस्था पहिलेकै शून्यताबाट शुरु गर्नुपर्ने भयो । **२०७६ देखि २०७८** को अवधिलाई सिवाईसी नेपालले संक्रमण को अवधिको रुपमा लिएको छ । कोभिड १९ को विश्वव्यापी महामारी एकातिर रहयो भने अर्को तिर संस्थाले संचालन गरेको लघुवित्त कार्यक्रमको हस्तान्तरण पछाडी कर छुट, हुने संस्थाको काँधमा कर थोपरियो । हामीले २०५७ देखि २०७५ सम्म कमाएको सवै सम्पत्ति करिव ६० करोड रुपान्तरित संस्थालाई हस्तान्तरण गरि सकेको अवस्थामा कर तिर्न नसक्ने भनि मुद्दा लड्नु पर्ने अवस्था भयो । संस्थाका बैंक खाताहरु बन्द भए १ वर्ष संस्था नवीकरणनै गर्न सकिएन यति धेरै काम गरिरहेको संस्था एक्कासी जटिलतामा प्रवेश गऱ्यो । रुपान्तरित हुनेबेला संस्थाले प्राप्त गर्ने भनी साधारण सभाबाट निर्णय भै सकेको विषयलाई पनि केही संस्था विरोधी तत्व र नेपाल राष्ट्र बैंकको अनुगमन टोलीका निर्देशक लुमकान्त भट्टराईले राजनितिक पर्वाग्रह राखी संस्थाले पाउनु पर्ने २,५०,०००००।- रुपैयाँ दिन नमिल्ने भनि आफ्नो कार्यादेश मिचेर प्रतिवेदन दिने कामले हामीलाई अत्यन्त स्तब्ध र मर्माहित बनायो । शुरुका दिनमा श्रोत व्यवस्थापनका लागि कसैले चिट्ठी पठाएको खाम उल्टो बनाएर फेरि त्यहि खाममा चिट्ठी पठाउने, घण्टौं बैंठक वस्दा खाजा नखाएर, वैठकमा भत्ता नलिएर सवै सञ्चालकले स्वयंसेवी काम गरी सदस्यहरुको सदस्य शुल्क, मासिक अनुदान दाताहरुको अनुदान पुराना पत्रपत्रिकाहरु बेचेर कण कणबाट बचाई जोगाई जोगाई संस्थालाई आत्मनिर्भर बनाउने र व्याजबाट युगौं युगसम्म संस्था चलाइरहने सोचमा कुठाराघात भएको त्यो क्षणलाई आज पनि हामीले कालो दिन को रुपमा लिएका छौं । अझैंपनि मन अमिलो भै रहेको छ । संकटमा धैर्यता चाहिन्छ सत्य सत्य नै हुन्छ भन्ने तितो सत्य र यर्थाथतालाई आत्मसात गर्दै हामीले ती संकटका क्षणहरुको सामना गरिरहयौं । **"थाकेपछि होइन यात्रा सकेपछि मात्र विश्राम लिनुपर्छ"** भनेर प्रतिवद्धताका साथ लागी संस्था नवीकरण कर चुक्ता र कार्य संचालनलाई निरन्तरता दिदैं हामी सिवाईसी स्थापनाको नयाँ

युग र पुनसंरचनाको युगमा प्रवेश गरेका छौं । २०७९ देखिको चरण सिवाईसीको नयाँ युग र पुनसंरचना को चरणमा चित्रित भएको छ । संस्थाको ५ वर्षे रणनीति योजना तयार भएको छ । वेभसाइट अध्यावधिक गरिएको छ। संस्थाका ३० वर्षका उपलब्धिलाई समेटी स्मारिका प्रकाशन हुँदैछ भने संस्थाको सफलताहरुलाई समेटी डकुमेन्ट्री वृत्तचित्र निर्माण गर्न लागिएको छ। सिवाईसी नेपालको सहयोगी संस्थाको रुपमा मिनी CYC creative youth center अर्थात सिर्जनसील युवा केन्द्रको परिकल्पना गरि संस्थाको ३१ औं स्थापना दिवस २०७९/६/२६ का दिन घोषण गरिदै छ । यो केन्द्रलाई युवाहरुमा नेतृत्व व्यक्तित्व र सकरात्मक सोचको विकास गरि जिल्ला व्यापी बनाइनेछ। यस आ.व. ०७९/०८० को नीति तथा कार्यक्रममा शिक्षा, कृषि, युवा, महिला शसक्तिकरण, खानेपानी सरसफाई र दलित शसक्तीकरण जस्ता कार्यक्रमलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइएको छ । वर्तमानमा संस्थालाई SWOT को आधारमा नियाल्दा पारदर्सिता, समय व्यवस्थापनमा अग्रणी संस्था, आवधिक निर्वाचन आफ्नै स्रोतमा संचालन क्षमता, देशभर कार्यक्षेत्र, संस्थाको आफ्नै नाममा जग्गा, समुदायको विश्वास र अगाध माया, दक्ष र सक्षम कार्यसमिति उनीहरुसँग रहेको अथक शक्ति र संस्थाको आफ्नै प्रकाशन ग्रामीण कन्दरा शुभेच्छुक र सहयोगी संस्थाहरुको स्थापना र सञ्चालन, मिनी सिवाईसी सिर्जनसील युवा सेण्टरको स्थापना जस्ता कुराहरु हाम्रा सवलता को रुपमा रहेका छन् । संस्थाले गरेका राम्रा कामहरुको प्रचार प्रसार  हुन नसक्नु, आफ्नै कार्यालय निर्माणमा ढिलाई हुनु हाम्रा कमजोरी हुन भने प्रशस्त कार्यक्षेत्र, अनुकूल सरकारी नीति, स्थानीय स्तरमा लघुउद्यम स्थापनाको सम्भावना युवाहरुको काम प्रतिको आकर्षण, महिलाहरुको नेतृत्वमा पुग्ने वातावरण, व्यवसायिक मानसिकता विकास हाम्रा अवसर हुन् । युवाहरुको विदेश पलायन, स्रोतको दुरुपयोग हाम्रा चुनौतिको रुपमा रहेका छन् ।

समाजसेवा मैले पढेर भन्दा परेर र त्यसभन्दा बढी गरेर सिकेको छु । मलाई गरीब र गरीबीको राम्रो ज्ञान छ, केही अध्ययनबाट, केही अनुभवबाट, थोरै सफलताहरुबाट, केही तालिम लिएर र केही तालिम दिएर सिकेको छु । तारे होटेलहरुमा चपाएका विकासका गफ र अन्तरक्रियाले गरीबी हट्दैन र जनताको जीवनस्तर पनि माथि उठ्दैन । **"विकास गाउँ बस्ती र दुर दराजमा खोज्नु पर्दछ र स्थानीय आवश्यकतामा आधारित हुनुपर्दछ"** भन्ने CYC को सोँच हो । मागेर कोही धनी हुँदैन र भएको पनि छैन भन्ने हाम्रो मान्यता हो । नेपाली गैरसरकारी जगतलाई लाग्ने गरेको अपारदर्शिता र परनिर्भरताको आरोप तथा प्रतिशोधलाई ३१ वर्ष आफ्नो कठोर, कर्मठ र सिर्जनशील यात्रा तथा कार्यहरुबाट निस्फल तुल्याई दिएको छु । आफ्नै स्रोतबाट झण्डै हाम्रो सञ्जालमा ६०० जना कर्मचारीहरु, र अनगिन्ती विविध सामाजिक सेवाका कार्यक्रमहरु अनवरत सञ्चालन गरिरहेको उदाहरणले संस्था र जनता सँधै माग्ने हुन् भन्ने पुरातनवादी सोँचलाई चिर्दै हाम्रा हकवालाहरुसँग साझेदारी गरी आत्मनिर्भर विकासको सन्देश र नमूना प्रस्तुत गरेका छौं । उनीहरुसँग रहेको अथक शक्ति र स्रोतलाइ हाम्रो विकासका लागि परिचालित गर्दै समयदान र समय आन्दोलनका माध्यमबाट हाम्रा पूर्वजहरुले थालनी गरेका राम्रा कामहरु जस्तो वर, पिपल, वेल, स्वामी रोपण, सार्वजनिक स्थलहरुको संरक्षण तथा पानीको मूल तथा मुहानको संरक्षण, वृक्षारोपण सामुदायिक भवन बाटोघाटो निर्माण मर्मत, पुलपुलेसाहरुको व्यवस्था, जस्ता सार्वजनिक महत्वका क्षेत्रहरुमा क्रियाशील भै छुट्टै पहिचान बनाएका छौं ।

बाह्य सहयोगको परनिर्भरता हटाउन हामीले थालेको अभियानहरुले यतिबेला सार्थक रुप लिएका छन् भने स्थानीय स्तरका हाम्रा सोंच तथा अभियानहरु अहिले राष्ट्रव्यापी बनेका छन् । यसले CYC ले देश र जनताप्रति राखेको सोंचको दुरदर्सितालाई पुष्टि गरेको छ । कृषि प्रधान देशका कृषकहरुको हक, अधिकार र सहयोगका लागि थालेका प्रयासहरु देशव्यापी बनिरहेका छन् ।

सहश्राब्दी विकास लक्ष्य, युवा केन्द्रित विकास र युवाहरुको परिचालन, सहकारी संस्थाहरुको स्थापना र प्रबर्द्धन, प्रजनन् स्वास्थ्य, मानव अधिकार, समय आन्दोलन, ग्रामीण पर्यटन, सीपमूलक तालिम जस्ता कार्यहरुले राष्ट्रव्यापी मान्यता पाउँदा हामीलाई खुसी लागेको छ । वि.सं. ०७४/०७५ पछि सामान्यतया वाह्य सहयोग स्वीकार नगर्ने र आ.व. ०६८/०६९ देखि नै सरकारी निकायलाई क्रमशः अनुदान दिई कार्यक्रममा सहकार्य गर्ने CYC को सोंच र उद्घोष वास्तवमै नेपाली गै.स.स. को योजक र उदाहरण हो भन्ने मलाई लाग्छ ।

अनेक चरण पार गर्दै आएको सिवाईसी नेपालले आगामी दिनमा युवाहरुसँग विशेष सहकार्य गर्ने छ । स्थानिय र प्रदेश सरकारहरुसँग साझेदारी गर्नेछ । विगतमा सञ्चालित कार्यक्रमलाई निरन्तरता दिदैं अगाडि बढ्ने र समय सापेक्ष रुपमा आफ्नो उद्देश्य र आदर्श मिल्ने सरकारी सहकारी गैर सरकारी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरुस्सँग सहकार्य गर्दै अगाडि बढ्ने नीति पुन संरचनाको चरणमा लिइएको छ ।
अन्त्यमा,

यो वार्षिक प्रतिवेदन र आगामी आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम सार्वजनिक गरिरहँदा पनि हामी नेपाली गै.स.स.हरुको मन अमिलो भै रहेको छ । देशमा लोकतन्त्र प्रजातन्त्र  गणतन्त्र तन्त्रै तन्त्रहरु आएपनि हामीले आजसम्म त्यहि गै.स.स. ऐन २०३४ बाट शासित हुनुपरिरहेको तितो यथार्थ हाम्रा सामु छ । यो मुद्दालाई सिवाईसी नेपालले निरन्तर रुपमा उठाई सामाजिक विकास ऐनको माग गरिरहेछ । यस वर्ष पनि हाम्रो प्रयास निरन्तर रहने प्रतिबद्धताका साथ संस्थालाई यो अवस्था सम्म ल्याउन खट्ने जुट्ने सबै सबै प्रति आभार व्यक्त गर्दै पुन भेट्ने वाचा सहित लेखनिलाई यहि अन्त्य गर्दछु ।

**जय सिवाईसी !**
मिति २०७९/०४/०१

# संस्थाको परिचय

**संस्थाको ऐतिहाँसीक पृष्ठभुमी**

चारतारे युवा क्लव नेपाल, सम्पूर्ण राष्ट्रप्रेमी समाजसेवी, विकास प्रेमी सवै प्रकारको अन्याय अत्याचारको विरुद्ध दृढताका साथ अघि बढ्ने न्यायपूर्ण सु-संस्कृत समानतामा आधारित सुदृढ र आत्मनिर्भर समाजको निर्माण गर्ने चाहना भएका नेपालीहरुको साझा संस्था हो । साविकको तित्याङ्ग गा.वि.स वडा नं ९ अदुवावारी हालको बा.न.पा.-९ स्थीत पण्डित रवि प्रसाद उपाध्यायको ऐतिहाँसीक घरमा २०४८।०६।२० र २०४९।०६।२० का दिन भएको भेलावाट यो संस्था स्थापनाको परिकल्पनालाई वर्तमान अध्यक्ष चण्डि प्रसाद शर्मा पौडेलको पहलमा साकार पारिएको हो ।

**परिकल्पना :**

मानवीय श्रोतको उच्चतम परिचालन भएको स्वस्थ सामाजिक, आर्थिक शिक्षित, स्वावलम्वी र आत्मनिर्भर समाज ।

**ध्येय :**

- पिछडिएका वर्गहरुको सामाजिक र आर्थिक अवस्थामा सुधार ।
- समुदायमा आधारित संस्थाहरु (CBO), स्थानीय गैर सरकारी संस्थाहरु र (LNGO) को क्षमता अभिबृद्धि गर्ने ।

  सरकारी गैरसरकारी निकाय संग समन्वय गरी प्राप्त श्रोत साधनको उपयोग एवं सदुपयोग गर्दै स्थानीय श्रोत साधनको अधिकतम परिचालन तथा व्यबस्थापनबाट दिगो र संस्थागत विकास ।
- संस्थाद्वारा संचालित कार्यक्रमहरुलाई अन्य संघसंस्थाहरुसंग प्रभावकारी समन्वय गरी प्रजनन् स्वास्थ्य तथा सामुदायिक विकासका कार्यक्रमहरु संचालन गरी जनस्वास्थ्यमा सुधार ल्याउने ।

**लक्ष्य :**

- उत्प्रेरणा स्वावलम्बन एवं सशक्तिकरणका लागि प्राप्त हुने वा हुन सक्ने अवसर र वातावरण सृजना गर्ने ।
- विद्यमान ज्ञान, सीप र धारणामा समयानुकुल परिवर्तन गर्ने ।
- सामाजिक परिचालनबाट सहभागितामा आधारित विकास प्रक्रियालाई अगाडी बढाई दिगो र संस्थागत विकासका लागि सरकारी, गैरसरकारी र सहकारी संघ संस्थाहरुलाई विकासका लागि अभिप्रेरित गर्ने ।
- सामुदायिक परिचालन कार्यक्रम मार्फत उच्च बाल तथा मातृमृत्युदर घटाउने राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याउने ।

**उद्धेश्यहरु :**

- शिक्षाको महत्व दर्शाउदै सामाजिक विकासका लागि जनचेतना अभिबृद्धि गर्ने ।
- महिला सशक्तिकरण सम्बन्धि कार्यहरु गर्ने ।
- आयमुलक, रोजगारमुलक र सिपमुलक कार्यक्रमहरु सञ्चालन गर्ने गराउने लगाएतका पछाडि पारे पारिएका वर्गहरुको उत्थानका लागि विविध कार्यहरु गर्ने गराउने ।
- बालबालिका, युवा, महिला जेष्ठ नागरीक र फरक क्षमता भएका हरुका लागि विविध कार्यक्रमहरु संचालन गर्ने, गराउने ।
- सरकारी गैह्र सरकारी संघ संस्था र सञ्जालहरुको क्षमता अभिबृद्धि गर्ने ।
- वातावरणीय सन्तुलन र सवै प्रकारको उर्जा प्रवर्द्धनमा सक्रीय भई काम गर्ने, गराउने ।

- विकास निर्माणका कार्यहरु जस्तो - बाटो, घाटो, बनजंगल, देवालय, सार्वजनिक जग्गा, सिंचाई, कुलो, शौचालय, स्वास्थ्य शिक्षा, उर्जा विकास, सामाजिक संस्कृति, खेलकुद, संचार जस्ता विविध सामाजिक कार्यहरुमा सक्रिय सहभागि भै काम गर्ने, गराउने
- विभिन्न सरकारी, गैह्र सरकारी, राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरु संग भाईचाराको सु-सम्बन्ध अभिबृद्धि गर्दै सहयोगको आदान प्रदान गर्ने ।
- समुह, व्यक्ति र सदस्यहरुको क्षमता अभिबृद्धिका लागि वित्तिय कारोवार संचालन गर्ने, गराउने ।
- दिगो भू -व्यबस्थापनका प्रकृयाहरु अवलम्वन गरी आत्मनिर्भर व्यवसायीक कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सामाजिक परिचालनको माध्यमबाट गरिवी न्यूनिकरण, सामाजिक सुरक्षा र प्रजनन् स्वास्थ्य लगाएतका कार्यहरु गर्ने गराउने ।
- जलवायु परिवर्तनवाट हुने असरहरु न्युनिकरण सम्वन्धि कार्यहरु गर्ने ।
- समुदाय तथा संस्थाका सदस्यहरुलाई उपभोग्य सामाग्री उपलब्धताका लागि आवश्यक कार्यहरु गर्ने ।
- भविष्यका कर्णधार र वर्तमानका साझेदार युवाहरुको विकाससंग सम्वन्धित कार्यहरु सञ्चालन गरी सामाजिक पुँजीको अभिबृद्धि गर्ने, गराउने ।
- सुचना सञ्चार, प्रकाशन र प्रसारणको माध्यमवाट समुदायको शशक्तिकरण गर्ने ।

**मुख्य नारा, मन्त्र, काम, रणनीति, समन्वय, सहजिकरण, कार्यशैलि र प्रतिवद्धता**

- **मुख्य नारा** : सामाजिक एकता, आजको आवश्यकता ।
- **मुख्य मन्त्र** : सुचना, संगठन, बचत र सीप ।
- **मुख्य काम** : माटो, बाटो, पानी खाल्टो ,"शिक्षा, स्वास्थ्य, लघुवित्त वाट उज्यालो भविष्य" ।
- **रणनिती** : राम्रो काम फैलाउने, नराम्रो काम औंल्याउने ।
- **समन्वय** : १२ महिना १२ भेट विकास सुचना अप टु डेट ।
- **सहजिकरण** : विकासमा महिला, सहजिकरण, सहभागिता र पारदर्शितामा पहिला
- **कार्यशैलि** : रहरले काम गर्छौ, हाँसेर सेवा गर्छौं ।
- **प्रतिवद्धता** : काम वाडौं, आजको काम आजै गरौं, भोलि भन्न छाडौं ।

**मानवीय श्रोत**

- संरक्षक, सल्लाहकार र संचालक गरी १४ जनाको संचालक समिति ।
- आजीवन र विशिष्ठ गरी १३९७ जना संस्थाका सदस्यहरु ।

**सम्मान तथा कदर**

- संस्थाले सामाजिक विकासमा नविनतम कामहरुको माध्यमबाट समाजमा छुट्टै पहिचान र छवि बनाएको छ । धैरैको बुझाईमा सामाजिक संस्था भनेको चारतारे युवा क्लव, CYC नेपाल जस्तो हुनुपर्दछ भन्ने परेको छ । आफ्नै श्रोतमा नियमित, निरन्तर सञ्चालन, स्थानीय श्रोत साधनको अधिकतम परिचालन, युवा परिचालन, मास परिचालन, समय व्यवस्थापन जस्ता कुरामा संस्था ब्राण्ड नै बनेको छ । यिनै नविन कर्मले गर्दा संस्थो विभिन्न निकायबाट सम्मान र पुरस्कार प्राप्त गरेको छ। मुख्य मुख्य पुरस्कार र कदरहरु यस प्रकार रहेका छन् :

| क्र.स | पुरस्कृत गर्ने निकाय | पुरस्कृत विवरण | अवसर |
|---|---|---|---|
| १ | नेपाल सरकार राष्ट्रिय सरसफाई कार्य सञ्चालन समिति, राष्ट्रिय सरसफाई सप्ताह २०५७ | खुल्ला दिसामुक्त गा.वि.स. घोषणा तथा सरसफाईमा उल्लेख्य योग्दान | २०५७ चैत्र ९ देखि १५ सम्म सञ्चालित सरसफाई सप्ताहमा बागलुङ जिल्लामा उल्लेख्य कार्य गरेबापत |
| २ | दिगो भु व्यवस्थापन कार्यक्रम/हेल्भेटास नेपाल | कृषि क्षैत्रमा उल्लेख्य कार्य गरेबापत | २४ पौष २०६६ |
| ३ | युएसआईडि/एनडिआई लोकतन्त्र र निर्वाचन पर्यवेक्षण (डयू-नेपाल) | संविधान सभा निर्वाचन २०७० मा स्वयंसेवक परिचालन गरि निर्वाचन पर्यवेक्षणमा उत्कृष्ठ कार्य सम्पादन | संविधान सभा निर्वाचन २०७० |
| ४ | गैर सरकारी संस्था महासंघ नेपाल | असल संस्थागत सुशासन र व्यवस्थापन | ५ अक्टोवर २०१५ |
| ५ | जिल्ला शिक्षा कार्यालय बागलुङ | निशुल्क तथा अनिवार्य आधारभुत शिक्षा सुनिश्चीतता एवं साक्षर बागलुङ जिल्ला घोषणामा योग्दान | साक्षर जिल्ला घोषणा कार्यक्रम ३ आषाढ २०७३ |

**संस्थाको पहलमा स्थापित संस्थाहरु**

- सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. बागलुङ २०६६
- सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल २०७५
- सिवाईसी एग्रोभेट
- सिर्जनशिल युवा केन्द्र
- विपद व्यवस्थापन कार्यदल
- दर्जनौ सहकारी संस्था र सामाजिक विकास संस्थाहरु प्रवर्द्धनमा सहयोग ।

**सामाजिक सुरक्षा तथा मानविय समवेदनाका लागि संस्थाद्वारा सञ्चालीत कार्यक्रमहरु**

- जीवन सुरक्षा योजना
- विपद व्यवस्थापन कार्यदल
- सुत्केरी भेटघाट तथा सहयोग
- शैक्षिक सहयोग
- विरामी भेटघाट तथा असाहाय विरामीका लागि सहयोग ।
- समवेदना तथा श्रदाञ्जली
- स्टेचर तथा आकस्मीक कोष सहयोग
- आवाश्यक तालिम, गोष्ठिहरु वाट क्षमता अभिवृद्धि सेवा तथा समन्वय
- बुवाआमासंग सिवाईसी नेपाल कार्यक्रम

**कार्यसमिति विवरण :**

| क्र.स | संचालकको नाम | ठेगाना | पद | सम्पर्क फोन |
|---|---|---|---|---|
| १ | पद्मनाथ शर्मा | बा.न.पा २, वागलुङ | संरक्षक | ९८५७६२००६९ |
| २ | चण्डिप्रसाद शर्मा पौडेल | बा.न.पा. - ९ बागलुङ | अध्यक्ष | ९८५७६२०१४६ |
| ३ | लक्ष्मण खड्का | बा.न.पा. - ९ बागलुङ | उपाध्यक्ष | ९८४७६६७७२२ |
| ४ | वीर वहादुर किसान | बा.न.पा -२, माझकोट | सचिव | ९८४७६२००१२ |
| ५ | गण्डकी थापा अधिकारी | वडिगाड गा.पा.-७ भिमगिठे | सह-सचिव | ९८५७६२९१२६ |
| ६ | बिमला गुरुङ | बा.न.पा. - २, बागलुङ | कोषाध्यक्ष | ९८४७६२२२०५ |
| ७ | गोपाल कुमार शर्मा | बा.न.पा. - ८, बागलुङ | सदस्य | ९८५७६२०७५४ |
| ८ | सीता शर्मा | बा.न.पा. - ९, बागलुङ | सदस्य | ९८५७६२०७१८ |
| ९ | ओमप्रकाश पौडेल | बा.न.पा. - ९, बागलुङ | सदस्य | ९८५७६३१०४८ |
| १० | किरण थापा | बा.न.पा. - ९ बागलुङ | सदस्य | ९८५७६२५५५८ |
| ११ | नविनराज दहाल | मन्थली न.पा.-१, रामेछाप | सदस्य | ९८५१२२३५४९ |
| १२ | देव वहादुर श्रेष्ठ | बा.न.पा -२, बागलुङ | सल्लाहाकार | ०६८५२०१९२ |
| १३ | जगन्नाथ आचार्य | बा.न.पा -४, बागलुङ | सल्लाहाकार | ९८५७६२०७९४ |
| १४ | ईन्द्रराज पौडेल | जैमीनी न.पा.-८, बागलुङ | सल्लाहाकार | ९८४७७२९५३६ |

**संस्थाद्वारा सञ्चालन भएका कार्यक्रमहरुः**

- लघुवित्त कार्यक्रम (हाल सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्थामा हस्तान्तरण भएको)
- दीगो भू-व्यबस्थापन कार्यक्रम ।
- किसान किसान कृषी प्रसार कार्यक्रम ।
- स्वास्थ्य अधिकार तथा सुर्ति नियन्त्रण कार्यक्रम ।
- ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम ।
- सुमार्ग कार्यक्रम ।
- समयदान तथा समय व्यवस्थापन कार्यक्रम ।
- जीवन र जीविका कार्यक्रम ।
- सामूदायिक वन विकास कार्यक्रम ।
- सुरक्षीत मातृत्व कार्यक्रम ।
- युवा आकाश कार्यक्रम ।
- हामी सक्छौं कार्यक्रम ।
- स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम ।
- समुदायमा सिवाईसी कार्यक्रम ।
- विपद व्यवस्थापन कार्यक्रम ।
- पर्यटकिय घोडेटोबाटो निर्माण कार्यक्रम
- बागलुङ बुर्तिवाङ र बागलुङ कुश्मिसेरा मोटरबाटो निर्माणमा सामाजिक परिचालन र वायो ईन्जीनीयरिङ
- समता र पहुँच कार्यक्रम ।

## काम गर्दै जाँदा संस्थामा आएका परिवर्तनहरु

- पुरुष कर्मचारीहरुलाई सुत्केरी स्याहार विदा ।
- जनशक्ति शव्दको सट्टामा मानवीय श्रोत शव्दको प्रयोग ।
- सानो दुध खाने महिला कर्मचारीका लागि १२.१५ देखी १२.४५ वजे सम्म स्तनपान समय तोकी विशेष सहुलियत प्रदान ।
- सानो वच्चा भएको तथा घरमा कामको वोझ भएका महिला कर्मचारीहरुलाई सामान्यता कार्यालय समय भन्दा १५ मिनेट ढिलो भएपनि गयल नगर्ने गरिएको ।
- महिला कर्मचारीहरुलाई सुत्केरी अगाडि र पछाडि गरी २ महिना तलवी विदा ।
- गर्भवती कर्मचारीलाई महिनामा १ दिन गर्भ परिक्षण विदा
- सुश्री, श्रीमती, श्रीमानको सट्टा श्री मात्र लेख्ने प्रचलन ।
- सभा सम्मेलन तथा अन्य कार्यक्रमहरुमा सम्वोधन गर्दा वा वोल्दा सभापति शव्दको सट्टा अध्यक्ष र सभाध्यक्ष जस्ता शदको प्रयोग ।
- सिवाईसीका समिति उपसमितिहरुमा समावेशिकरण ।
- व्याच वितरण गर्दा महिला र पुरुष दुवैलाई सहभागि गराउने गरिएको ।
- आईमाई शव्दको सट्टामा महिला शव्दको प्रयोग ।
- सभा सम्मेलन आदिमा सम्वोधन गर्दा महिला तथा सज्जनवृन्द शव्दको सट्टामा दाजुभाई दिदीवहिनी भनेर सम्वोधन ।

## सिकाईहरु

- संस्थाद्वारा संचालित कार्यक्रम सहयोगी निकायले सहयोग गर्ने वेलासम्म मात्र चल्ने होईन त्यस पछाडि पनि चल्ने गरी योजना तथा कार्यान्वयन गर्नुपर्दछ ।
- परनिर्भर मुखी नबनी आत्मनिर्भरताका उपायहरु संचालनमा ल्याउनु पर्दछ ।
- स्थानिय श्रोत र साधानमा आधारित कार्यक्रमहरु चिरस्थायी दिर्घजीवी हुने रहेछन्
- नेपालको विकासमा पैसाको खाँचो होईन विचारको खाँचो रहेछ ।
- संस्थाको निरन्तर संचालनका लागि Social Security मा काम गर्नु पर्दो रहेछ ।
- स्थानीय स्तरमा उठाएका सवालहरु राष्ट्रिय मुद्दा वन्न सक्ने रहेछन् ।
- युवाहरुको विदेश पलायन रोक्न कृषि क्षेत्रको समग्र विकास गर्नुपर्दछ ।
- युवा वेच्ने होईन उत्पादन वेच्नु पर्दछ ।

# चारतारे युवा क्लव नेपालको आर्थिक वर्ष २०७८।०७९ को वार्षिक प्रगति प्रतिवेदन र आर्थिक वर्ष ०७९/०८० को प्रस्तावित नीति तथा कार्यक्रमः-

अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, आदरणीय संरक्षक तथा सल्लाहाकारज्यूहरु, विशिष्ठ अतिथिज्यूहरु, अतिथिज्यूहरु, विभिन्न कार्यालय एवं संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संस्थाका विशिष्ठ, आजीवन र सहयोगि शुभेच्छुक सदस्यज्यूहरु, पत्रकार मित्रहरु लगायत विभिन्न तह र तप्कावाट यस संस्थालाई निरन्तर सहयोग गर्ने सहयोगी महानुभावज्यूहरु,

नजिकिदै आइरहेको नेपालीहरुको महान चाड वडा दशै तथा शुभदिपावलि २०७९ को पुनित अवसरमा देश भित्र र बाहिर रहनु हुने सम्पुर्ण नेपाली दिदि बहिनी तथा दाजु भाईहरुमा सुख शान्ति, समृद्धि र सु-स्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सर्वप्रथम म यस चारतारे युवा क्लव सिवाईसी नेपालको आ.व. ०७८/०७९ को प्रगति प्रतिवेदन र आ.व ०७९/०८० को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**अध्यक्ष महोदय, आदरणीय सदस्यज्युहरु,**

२०४८/०६/२० मा साविकको तित्याङ ९ अदुवावारी स्थित स्व. पण्डित रविप्रसाद उपाध्यायको ऐतिहाँसिक घरमा सूचना, संगठन, वचत र सीपको चारतारालाई मूल मन्त्र बनाई माटो, वाटो, पानी, खाल्डो जस्ता कार्यक्रमहरुको उद्घोषका साथ समाज रुपान्तरणको पुनित उद्देश्यका लागी स्थापित संस्था आज आफ्नो आयतन र आयामलाई वढाँउदै सिवाईसी नेपालको रुपमा उदियमान छ । प्रारम्भमा मानवीय श्रोतको उच्चतम परिचालन भएको शोषण रहित आत्मनिर्भर समाजको निर्माण गर्ने परिकल्पना राखी स्थापित यो संस्था जन्मको हिसावले ३० वर्ष पुरा भै ३१ वर्षमा लागिरहेछ । यस अवधिसम्म अनेक आरोह अवरोहका वावजुद संस्थालाई यो अवस्थासम्म ल्याई पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने संस्थापकहरु कोही अलविदा भै सक्नु भएको छ, कोही अझै खटीरहनु भएको छ र कोही सुस्त अवस्थामा रहनुभएको छ यस क्षणमा हामी उहाँहरुप्रति हार्दिक आभारएवं कृतज्ञता ज्ञापन गर्दछौ । विगत र वर्तमानका कार्यसमिति पदाधिकारी सदस्यज्यूहरु, उपसमितिहरु, सरकारी, सहकारी संघ संस्था तथा कार्यालयहरु, हाम्रो सेवाका हकवालाहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, पत्रकार मित्रहरु लगायत प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण प्रति आभारी छौं ।

देशमा लोकतन्त्र र गणतन्त्रको स्थापना पश्चात जनतामा व्याप्त उच्चतम महत्वकांक्षा र उत्कट अभिलाषालाई लोकतान्त्रिक संस्कार र आचरणमा रुपान्तरण गरि सामाजिक सेवाको माध्यमबाट मुलुकमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सोचका साथ स्थापित सिवाईसी नेपालले सरकारी विकासका निति तथा कार्यक्रमहरुलाई सघाउदै समृद्ध नेपाल निमार्णको महायज्ञमा समग्रलाई एकतावद्ध बनाई अगाडि बढ्दै गर्दा तत्कालिन तित्याङ गा.वि.स को सिमित भुगोलमा स्थापित संस्था स्थापनाको ३० वर्षमा नै देशका

६३ जिल्लामा आफ्ना सेवाहरुका साथ प्रत्यक्ष उपस्थित भै समाज रुपान्तरणका कार्यहरु गर्न सफल भएको छ । संस्थाले एउटा कार्यक्रमको रुपमा सञ्चालन गरेको लघुवित्त कार्यक्रम रुपान्तरित भै बैंक तथा वित्तिय संस्था ऐन अनुरुप सिवाईसी नेपाल लघुवित्त वित्तिय संस्थाको रुपमा देशव्यापी बनेको छ । कार्यक्रममा २०७९ आषाढ मसान्तसम्म ४१९ जना कर्मचारीहरुले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । भने ६० जिल्लामा ८२०६४ जना हकवाला सदस्यहरु आवद्ध भएका छन् । लघुवित्तहरुको भिडमा सिवाईसी नेपालले संचालन गरेको लघुवित्त कार्यक्रले छुट्टै पहिचान बनाउन सफल भएको छ । यो कार्यत्रलमले गैरसरकारी संस्थाहरुलाई लाग्ने परनिर्भरताको आरोप बाट समेत मुक्त बनाएको छ । चारतारे युवा क्लव नेपालकै पहलमा शुरु भएको सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. बाग्लुङ स्थापनाको छोटो समयमा धौलागिरी स्तरीय बनेको छ । २०७९ आषाढ सम्म २३६५७ जना सदस्य र ११२ जना कर्मचारी २५ वटा सेवाकेन्द्र मार्फत परिचालित छन् । सिवाईसी नेपालले स्थापना गरेका सहयोगी संस्थाहरुले आफुलाई गरिवि न्यूनिकरण र रोजगारी श्रृजनाको क्षेत्रमा उल्लेख्य कार्य गरी देशकै अग्रणी संस्थाको रुपमा क्रियाशिल रहेको व्यहोरा जानकारी गराउँदछु ।

चारतारे युवा क्लवले स्थापना कालदेखि नै समाजका विद्यमान विसंगतिहरुलाई चिर्दै मानविय स्रोतको उच्चतम परिचालन भएको स्वस्थ, शिक्षित, सामाजिक, आर्थिक राजनितिक, स्वावलम्वी र आत्मनिर्भर समाज बनाउने परिकल्पनाका साथ काम गरिरहेको छ । देशमा देखिएको राजनितिक उतार गढावमा पनि सिवाईसीले आफुलाई खरो रुपमा उम्भाउन सफल भएको गौरवपुर्ण इतिहास हाम्रा सामु छ । आज देश विदेशमा धेरैका मनमुटुमा सिवाईसीको पहिचान छ यो हामी सबैको गौरवको विषय हो भन्दा अत्युत्ति नहोला ।

**अध्यक्ष महोदय, आदरणीय सदस्यज्यूहरु**

अब म यस संस्थाले आ.व. ०७८/०७९मा सम्पन्न गरेका कार्यहरुको प्रगति र हाँसील उपलव्धीहरुलाई निम्नानुसार क्रमिक रुपमा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु :-

**१. सांगठानिक स्वरुप :-**

सिवाईसी नेपाल १ संरक्षक सहित ९ सदस्यीय प्रतिनिधिमूलक कार्यसमिति र ३ सदस्यीय सल्लाहाकारको संरचनामा सञ्चालित छ । विभिन्न पदमा गरी ३ जना कर्मचारीहरु, १ वटा कार्यालय मार्फत यस संस्थाका कार्यहरुलाई छिटो छरितो र विकेन्द्रित रुपमा संचालन गरिएको छ ।

**२. सदस्यता :-**

संस्था यो अवस्थासम्म आईपुग्दा आजीवन १,०२१, विशिष्ट ३७६ गरी जम्मा जना १३९७ सदस्यहरु रहेका छन् ।

**३. कार्यसंचालन प्रकृया :-**

संस्थाका हकवाला सदस्यहरुलाई स्थानीय स्तरबाटै संगठित संयन्त्रमा आवद्ध गराउने अभिप्रायले प्रत्येक टोल टोलमा समूह, केन्द्र, गठन गरि परिचालन गरिएको छ । गाउँपालिका तथा नगरपालिकास्तरमा महिला र युवा विकास सञ्जाल, सहकारी र कृषि विकास समिति, अगुवा कृषक, स्थानीय संवाददाता

मार्फत काम भै रहेको छ भने स्थानिय स्तरमा गठित सामाजिक विकास संस्था र समुदायमा आधारित संस्थाहरुलाई समेत सहयोग गरिएको छ ।

## ४. संस्थागत आवद्धता :-

यो संस्था जिल्ला प्रशासन कार्यालय बागलुङमा मिति ०४९/०६/२६ दर्ता नं ५४, समाज कल्याण परिषद् काठमाण्डौ आवद्धता नं ११६९, नेपाल राष्ट्र बैंक दर्ता नं ५, लघुवित्त संघ नेपाल, गैर सरकारी संस्था महासंघ नेपाल दर्ता नं २०, शान्तिका लागि साझा अभियान (COCAP) काठमाण्डौ र सुरक्षित मातृत्व सञ्जाल महासंघ नेपाल, स्वावलम्वन विकास केन्द्र (CSD) काठमाण्डौ, राष्ट्रिय युवा परिषद नेपाल दर्ता नं. ००३४५ लगायतका राष्ट्रिय स्तरका संस्था तथा निकायहरुमा दर्ता तथा आवद्ध भै आफ्नो संस्थागत आधारहरुलाई सवल रुपमा प्रस्तुत गरिरहेको छ ।

## ५. प्रशासनिक स्वरुपः-

संस्थाको लघुवित्त कार्यक्रमलाई बैंकको रुपमा रुपान्तरण गर्ने क्रममा संस्थामा कार्यरत ११५ जना कर्मचारीहरु लघुवित्तमा समायोजन गरे पश्चात जम्मा ३ जना कर्मचारीहरु मार्फत संस्था आन्तरिक श्रोतमा संचालित रहेको छ । संस्था कार्य समितिले स्वयंसेवी रुपमा कार्य सञ्चालन गरिरहेको अवस्था छ ।

## ६. संस्थाद्वारा प्रर्वद्धन गरिएका संस्थाहरु र तिनको अवस्थाः-

(क) सिवाईसी नेपाल लघुवित्त वित्तिय संस्था लि. बाग्लुङ

चारतारे युवा क्लव नेपालले २०५७ मा वित्तिय मध्यस्थता ऐन बमोजिम लघुवित्त कार्यक्रम संचालन गरिरहेको मा मिति २०७५।१२।०१ मा सो कार्यक्रमलाई सिवाईसी नेपाल लघुवित्त वित्तिय संस्थाको रुपमा रुपान्तरण गरी छुट्टै संस्थाको हैसीयतामा कार्य सम्पादन भै रहेको छ । उक्त संस्थाको आषाढ मसान्त सम्मको मुख्य उपलब्धि यस प्रकार रहेको छ :

| क्र.स | शिर्षक | गत वर्ष | यस वर्ष | जम्मा |
|---|---|---|---|---|
| १. | सेवा पुगेको जिल्ला संख्या | १६ | ४४ | ६० |
| २. | कुल कर्मचारी संख्या | १८१ | २३८ | ४१९ |
| ३. | कुल शाखा संख्या | ३८ | ५१ | ८९ |
| ४ | कुल केन्द्र संख्या | २,७२६ | ३,७२० | ६,४४६ |
| ५ | कुल समूह संख्या | १२,३२० | ८,०८६ | २०,४०६ |
| ६ | कुल सदस्य संख्या | ४८,००६ | ३४,०५८ | ८२,०६४ |
| ७ | कुल ऋणी संख्या | २१,२००.०० | १६,३४२ | ३७,५४२ |
| ८ | कुल बाँकी कर्जा (०००) | १,७४९,५३८.७२ | १,८४०,६६६.१२ | ३,५९०,२०४.८३ |
| ९ | कुल बचत रकम (०००) | ८८१,६४६.८० | ५०८,४२५.५७ | १,३९०,०७२.३७ |

(ख) यस संस्थाको पहलमा समुदाय र सदस्यहरुको फजुल खर्च हुनबाट जोगाई आत्मनिर्भर बनाउने तथा लघुवित्त कार्यक्रमबाट ग्रायजुयट भई ठुलो कारोवार गर्न चाहाने सदस्यहरुलाई उद्यम प्रवर्धनमा सहयोग पुऱ्याउने अभिप्रायले मिति २०६६ चैत्र २६ गतेका दिन सिवाईसी बचत तथा ऋण सहकारी संस्था लिमिटेड बागलुङको स्थापना गरि उसो संस्थाको माध्यमबाट कार्य भईरहेको छ । हाल यस संस्थाको आषाढ २०७९ सम्मको विवरण यस प्रकार रहेको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.स | शिर्षक | गत आ.व. | यस आ.व. | जम्मा |
|---|---|---|---|---|
| १. | शेयर सदस्य संख्या | १८४३० | ५२२७ | २३६५७ |
| २. | बाल बचतकर्ता | २४०० | १३१९ | ३७१९ |
| ३. | शेयर पुँजी | ३२४५५०००० | ६३७७१००० | ३८८३२१००० |
| ४ | बचत रकम | १४७७०१३१२१ | ११०४८२१२ | १४८८०६१३३३ |
| ५ | लगानीमा बाँकी ऋण | १११७०५०९८३ | ४३५५८६१७२ | १५५२६३७१५५ |
| ६ | जम्मा कोषहरु | १०५१८५७५३ | -११३११८७५५ | ९३८६६९९८ |
| ७ | दायित्व रहित कोष | ७६९२२०८१ | -४७२७५४ | ७६४४९३२७ |
| ८ | कार्यालय संख्या | २४ | २ | २६ |
| ९ | कुल सम्पत्ती | १९०५७४२३४.८८ | ८११६४०६६ | २००३८५८७५.५४ |

## ७. संस्थाको सर्वोच्चता र कार्य समितिः-

संस्थाको साधारण सभा सर्वोच्च निकायको रुपमा रहेको छ । हरेक ५/५ वर्षमा हुने अधिवेसनबाट निर्वाचित हुने कार्यसमितिबाट संस्थाको कार्यसम्पादन हुदै आईरहेको छ भने संस्थालाई विभिन्न विषयगत क्षेत्रमा अगाडि बढाउन संस्थाका सदस्यहरुको विशेषज्ञताको आधारमा सल्लाहाकारहरुको मनोनयन र विषयगत उपसमितिहरुको गठन भएको छ । यस अवधिमा कार्य समितिको बैठक १० पटक बसी विभिन्न रचनात्मक निर्णयहरु गरी कार्यान्वयनमा ल्याईएको छ

## ८. संस्थागत र नीतिगत आधारहरु :-

संस्था नेताले होईन नीतिले चल्नु पर्दछ भन्ने सिवाईसी नेपालको मान्यता रहेको छ। हाम्रो सेवाका हकवालाहरुलाई आत्मनिर्भरताको बाटोमा हिंडाउनु पर्छ भन्ने हाम्रो अवधारणा हो। यही कुरालाई मध्येनजर गर्दै सिवाईसी नेपालले आफूलाई संस्थागत बनाउँदै लगेको छ। हालसम्म निम्नानुसारका नीति नियम र निर्देशिकाहरु निर्माण गरी सोही नीति नियम र निर्देशिकाको आधारमा संस्था संचालित छ।

१. संस्थाको विधान-२०४९
२. कर्मचारी प्रशासन नियमावली-२०५५
३. सभा सञ्चालन कार्यविधि-२०५६
४. शुसाशन नियमावली-२०५७

५. आर्थिक प्रशासन नियमावली २०६०
६. आन्तरीक लेखा परीक्षण तथा सुपरीवेक्षण निर्देशिका २०६०
७. निर्वाचन निर्देशिका-२०६६
८. संस्था विकास कोष संकलन तथा व्यवस्थापन निर्देशिका २०६८
९. समय दान तथा समय व्यवस्थापन निर्देशिका २०६८
१०. स्वयंसेवीहरुको सेवा सुविधा सम्वन्धि निर्देशिका २०७४
११. संस्थाको पञ्चवर्षिय रणनितिक योजना २०७९
१२. सिर्जनशील युवा केन्द्र (CYC) सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७९

## ९. सूचना प्रकाशन र प्रसारणः-

नयाँ नयाँ प्रविधिको प्रयोग गरी संस्थाले आफुले गरेका कार्यहरुलाई प्रचार प्रसार, प्रकाशन र प्रसारण गरिरहेको छ । संस्थाको जीवन्तता, गतिशीलता र परिकल्पना अनुसारको लक्ष्यमा गुणात्मक फड्को मार्नका लागि व्यवस्थित सूचना प्रणाली, प्रकाशन, प्रसारण र सम्प्रेषणमा भर पर्दछ यस वस्तु तथ्यलाई आत्मसात् गर्दै सिवाईसी नेपालले आफुलाई क्रियाशील बनाएको छ। संस्थाले गरिरहेका कार्यहरुलाई आफ्नो फेसबुक पेज तथा रेडीयो टेलिभिजन, वेवसाईट, पत्र पत्रीका तथा अनलाईन पत्रीकाको माध्यमवाट प्रचार प्रसारको कार्य गरिरहेको छ । संस्थाले वार्षिक रुपमा **ग्रामीण कन्दरा** नामक मुखपत्र प्रकाशित गर्दै आईरहेको छ ।

## १०. तालिम तथा शिक्षाः-

संस्थाले आफ्नो कार्यक्रम संचालनका क्रममा संस्थाका सदस्यहरुलाई क्षमता विकास र सिप विकासका लागि मौसमी वेमौसमी तरकारी खेती गोठे/कम्पोष्टमल व्यवस्थापन, प्लाष्टिक घरमा तरकारी खेती, कृषक हक अधिकारका लागि कृषि सम्मेलन, अनुभवी अगुवा कृषक छनोट र तालिम, कृषि विकास समिति गठनमा सहजीकरण, सिलाई कटाई, व्युटी पार्लर, विद्युत जडान, च्याउँखेती, अगरवत्ति निर्माण, मुढा वुनाई, स्वास्थ्य अधिकार तथा सुर्तिजन्य वस्तु नियन्त्रण सम्वन्धि कार्यशाला, उद्यमशीलता विकास, सहकारी शिक्षा, पशुपालन, क्रिष्टल गहना निर्माण सम्वन्धि तालिम, । सकरात्मक अध्ययन शैली तथा नेतृत्व विकास तालिम, लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान जस्ता आवश्यक तालिम तथा गोष्ठीहरु संचालन गर्नुका साथै समुदायमा रहेका सहकारी र समुदायमा आधारित संघ संस्थाहरुको क्षमता विकासका कार्यहरुलाई प्राथामिकताका साथ सञ्चालन गरिरहेको छ ।

## ११. आत्मनिर्भरताका लागि चालिएका प्रयासहरुः-

संस्था दिगो र जीवन्त हुन आत्मनिर्भर र स्वावलम्वी वन्नु पर्दछ । परमुखापेक्षी र दातामुखी धारणा चिन्तन वन्न सक्दैनन् यही कुरालाई आत्मसात गर्दै सिवाईसीले आफुलाई निम्न योजना र कार्यक्रमका साथ स्वावलम्वी वनाउदै लगिरहेको छ ।

- **जग्गा खरीद तथा भवन निर्माण कोष**

  CYC कार्यसमिति, कर्मचारीहरुको पहलमा शुरु गरिएको यो कार्यक्रमलाई विस्तार गरी यस कोषवाट संस्थाको नाममा वागलुङ नगरपालिका वडा नं ३ मा ०-६-२-४ क्षेत्रफलको जग्गा रु १,१०,०००००।- अक्षरुपी एक करोड दश लाख रुपैयाँमा खरीद गरीएको छ । संस्थाको भवन निर्माणका लागि हकवाला, संस्था कार्यसमिति, कर्मचारी, समाजसेवी, सरकारी, सहकारी, गैरसरकारी, संघ संस्थाहरुसंग सहयोग र समन्वयको लागि पहल भै रहेको छ ।

- **अक्षयकोष :**

  विदेशीहरुले आफ्नो खानाको पैसा कटाएर विकासे अभियान संचालन गरेको तथ्यलाई आत्मसाथ गरी सधै परनिर्भरताको आरोप लाग्ने गरेका गै.स.स. हरुलाई आत्मनिर्भर बनाउने अभिप्रायले पुराना पत्रपत्रिकाको संकलन गरी विक्री गर्ने, मुष्टिदान, मासिक अनुदान, सदस्यता शुल्क, तालिम शुल्क आदिबाट जम्मा गरिएको यो कोषमा रु. ९,१८,१९,९३७.१६ पुऱ्याईएको छ ।

- **संस्थागत विकासकोष :**

  संस्थालाई दीगो र आत्मनिर्भर रुपमा सञ्चालन गर्न सिवाईसी नेपालको वर्तमान कार्यसमितिका पदाधिकारी, पुर्वकार्यसमितिका पदाधिकारी, सदस्यहरु र संस्थाका कर्मचारी तथा आजिवन, विभिन्न सदस्यहरुलाई असजिलो परेका अवस्थामा सहयोग पुर्याउने अभियाले आवश्या ठानेका क्षेत्रहरुमा सहयोग गर्ने गरी संस्थागत विकासकोषको व्यवस्था मिलाइएको छ ।

**१२. महिला संजालको क्षमता अभिवृद्धि कार्यक्रमः-**

- महिला हिंसा विरुद्धको १६ दिने अभियान, नारी दिवस, सुरक्षित मातृत्व सम्वन्धि जागरण र अन्य विभिन्न दिवस तथा अभियान र कार्यक्रमहरुलाई प्राथमिकता राखी मागको आधारमा सहयोग गरिएको छ ।
- समान कामका लागि समान दाम भन्ने सिवाईसीको अभियानलाई यस वर्ष पनि विविध कार्यक्रमहरु गरी महिला पुरुषमा ज्यालामा देखिएको असमानता हटाउन पहल गरिएको छ ।
- महिलाहरुको स्वास्थ्य अवस्थालाई विशेष ध्यान दिई सुरक्षित मातृत्व सम्वन्धी जनचेतना जगाउने अभियान सञ्चालन गरिएको छ साथै गर्भावस्था र प्रसव अवस्थामा उचित वातावरण सिर्जनाको लागि परामर्श तथा आर्थिक सहयोग उपलव्ध गराईएको छ ।

**१३. स्वास्थ्य अधिकार तथा सुर्तीजन्य वस्तु नियन्त्रण कार्यक्रम :-**

- सुर्ति नियन्त्रण तथा नियमन ऐनलाई प्रभावकारी कार्यान्वयन गराउन संस्थाद्वारा सञ्चालीत अन्य कार्यक्रमहरुमा पनि यो विषयलाई समावेश गरी जानकारी गराउने गरिएको छ । यस कार्यक्रम सञ्चालन पश्चात युवाहरुको संजाल मार्फत सुर्तीजन्य पदार्थहरु न्यूनिकरण र निःशुल्क स्वास्थ्य सेवाको लागि उचित वातावरण सिर्जना गरिएको छ ।
- सार्वजनीक स्थलमा धुम्रपान गर्नेहरुको संख्या घटेको छ । विवाह, भोज, भतेरहरुमा चुरोट राख्ने प्रचलनमा कमी आएको छ ।

**१४. स्वास्थ्य तथा सरसफाई कार्यक्रम :-**

- शौचालय नभएका गरिब घर परिवारलाई चर्पि निमार्णका लागि ५० जनालाई प्यान र पाइप उपलब्ध गराइएको छ ।

**१५. दलीत सशक्तीकरण कार्यक्रम :-**

- समाजमा विद्यमान जातीय विभेद छुवाछुत तथा वालीघरे प्रथा उन्मुलनका लागि विभिन्न कार्यक्रम तथा अभियानहरु सञ्चालन गरिएको छ । दलित अधिकारमा संलग्न संघ संस्थाहरुसंग अन्तरक्रिया गरि दलित समूदाय विकास कार्यक्रम संचालनको संभाव्यता अध्ययन गरिएकोछ ।

**१६. समयदान तथा समय व्यवस्थापन कार्यक्रम :-**

**स**मयको सहि सदुपयोग र व्यवस्थापन हुन नसकेको कारण गरिवी वढेको र काममा सुस्तता आएको हो भन्ने मान्यताले सिवाईसीले समयदान र समय व्यवस्थापन निर्देशिका तयार पारी लागु गरेको छ र यस अन्तर्गत निम्न कार्यहरु सम्पन्न गरिएको छ । समुहको माध्यमवाट विद्यालय भवन निर्माण र मर्मतमा सहयोग, सामुदायीक भवन निर्माण, चौतारी निर्माण मर्मत, वाटोघाटो निर्माण मर्मत जस्ता कार्यहरु स्वंयसेवी रुपमा सञ्चालीत रहेका छन् ।

- सिवाईसी नेपालका कार्यक्रमहरु जहिले पनि समयमै शुरु हुने गरेका छन् भने आम समुदायमा सिवाईसीका कार्यक्रमहरु समयमै शुरु र अन्त्य हुन्छन् भन्ने छाप परेको छ । समय व्यवस्थापनमा सिवाईसी ब्राण्ड बनेको छ ।
- वर, पिपल, वेल, स्वामीका विरुवा रोपण गरिएको छ ।
- माटे पोखरी निर्माण र भै-रहेका पोखरीहरुको संरक्षण गरिएको छ ।
- मुलहरुको सरसफाई र संरक्षणका लागि जागरण अभियानहरु सञ्चालन गरिएको छ ।

**१७. समुदायमा सिवाईसी कार्यक्रम :-**

समुदायमा रहेका साना-साना समस्याहरुलाई मध्येनजर गर्दै सिवाईसीले यस वर्ष समुदायमा सिवाईसी कार्यक्रम मार्फत कार्यक्षेत्र भित्रका विभिन्न ठाउँमा दैवि प्रकोप र विपदको बेला आवश्यक सहयोग उपलव्ध गराएको छ :

- दैवि विपत्ती र प्रकोपहरुमा तुरुन्त राहात प्रदान गर्नका लागि स्वंयसेवी समुह गठन र परिचालनको कार्य शुरु गरिएको छ ।
- यातायात भएको ठाउँ र सवसथ्य संस्थासम्म पुऱ्याउनका २० थान स्टेचर सहयोग गरिएको छ ।

**१८. खेलमैदान मर्मत :-**

बागलुङ न.पा. वडा .९ मा स्थित CYC खेल मैदान मर्मतका लागि रु.२०,०००/ आर्थिक सहयोग उपलब्ध गराई खेल मैदान संचालनमा ल्याइएको छ ।

**१९. मोटरबाटो निमार्णमा सहयोग :-**

बा.न.पा ९ सिमस्वाँरा कमलबोट मोटरबाटो निमार्णका लागि रु. ३०,०००/ आर्थिक सहयोग उपलब्ध गराई बाटो निर्माण कार्यलाई सघाउ पुर्याइएको छ ।

**२०. विद्यालय सहयोग :-**

- अमर उच्च मा.वि. काठेखोला गाउपालिका ५ बिहुँका लागि रु.५०,०००/ बराबरको ५० थान कुर्चि उपलब्ध गराइएको छ ।
- शिवालय प्राथमिक विद्यालय बा.न.पा. ९ तित्याङ साल्बोटमा गुणस्तरीय शिक्षा प्रवाहका लागि स्थानिय स्रोतको एक जना शिक्षकका लागि रु ६०,०००।- आर्थिक सहयोग उपलब्ध गराइएको छ ।
- वडिगाड गाउँपालिका २ स्थित चण्डिस्थान प्राथमिक विद्यालय दनियालाई ४ ओटा ह्वाइटबोर्ड उपलब्ध गराइएको छ ।

**२१. धार्मिक सहयोग :-**

बा.न.पा. ५ मालिकामा रहेको ऐतिहाँसिक महत्व बोकेको लक्ष्मी बैंकटेश्वर मन्दिरको अगाडि पहिरो गई मन्दिर नै क्षति हुने अवस्थामा रहेकोमा उक्त मन्दिरको संरक्षणका लागि रु २,०००००।- आर्थिक सहयोग मागको आधारमा उपलब्ध गराइएको छ ।

**२२. खेलकुदः-**

| - | Cooperative Capacity Development Program Expenses | 53,000.00 |
| - | Fencing & Renovation Program Expenses of Laxmi Banketshwar Temple, Malika-5 | 200,000.00 |
| - | CYC On Community Program Expenses | 300,000.00 |
| - | Program Expenses on Shivalaya Adharbhut Prathamik School, Tityang | 60,000.00 |
| **1,848,381.70** | **Total** | **3,820,804.70** |

# विद्यालय सहकार्यको नयाँ स्वरुप : गुणस्तरीय शिक्षा प्रवर्धनमा सिवाईसी नेपालको कार्यदिशा

**गोपाल कुमार शर्मा**
**कार्यसमिति सदस्य**

## १. पृष्ठभूमि :



नेपालमा बहुदलीय प्रजातन्त्रको पुर्नस्थापनासंगै साविक तित्याङ गाविस सालबोट हाल बा.न.पा.-९ मा समाज रुपान्तरण, लोकतन्त्रको संस्थागत विकास, गरिवी निवारण जस्ता मूल प्राप्तीका लागि सुचना, संगठन, बचत र सिपका चार मुलमन्त्र बोकेर चारतारे युवा क्लव नेपालको स्थापना भयो र क्रमिक विकाससंगै अहिले यो संस्था देशका ६१ जिल्लामा क्रियाशिल छ । संस्थाले पुर्नसंरचनाको अध्यायका साथ शिक्षा, स्वास्थ्य, कृषि जस्ता जनसरोकारका विषयमा आफुलाई पुन प्रतिस्थापन गर्ने उद्घोष गरेकाले अवको सिवाईसी नेपालको शिक्षा तर्फको बाटो कस्तो रहने भन्ने सामान्य बुँदागत प्रक्षपण यो आलेखको पृष्ठभूमि हो भने यसको विस्तार र विश्लेषणलाई संस्थाको स्मारिकामा प्रकाशन गरिने छ ।

## २. शिक्षा, गुणस्तर र जनजिविकाका प्रश्नहरु

विश्वमा जुन जुन देशले विकासमा फड्को मारे तिनको पछाडि ति देशले शिक्षामा गरेको लगानी र प्रतिफल कारण बनेको छ । नेपालमा पनि सामुदायीक शिक्षामा कुल बजेटको १२-१५ प्रतिशत रकम विनियोजन भएको छ । तर गुणस्तरीय शिक्षा भएन भन्ने आम जनगुनासो छ । गुणस्तर के हो भन्ने छलफल वेग्लै आलेखमा गरौंला तर छोटकरीमा भन्नुपर्दा जुन शिक्षाले जनजीविकाका समस्याहरु समाधान गर्न सीप दिन्छ, सेवाग्राहीलाई सन्तुष्ट बनाउन सक्छ र मान्छे भित्रको क्षमतालाई सहि ढंगले उजागर गर्न सक्छ, जसले गर्दा व्यवहारीक जिवन सहज बन्छ त्यो नै शिक्षाको गुणस्तर हो । यी प्रतिफलहरु प्राप्त नभएरनै आज गुनासो आएका हुन् । सिवाईसी नेपालले अवको आफ्नो शैक्षिक मार्ग तय गर्दा यसतर्फ सोच्न जरुरी छ । पढ्दै कमाउदै, सिक्दै कमाउदै र सीप त्यो पनी खास गरी जीवनपयोगि सीप सहितको शैक्षिक व्यवस्थापन स्वीकार्य हुन सक्छ ।

## ३. अभिभावक शिक्षा

मलेसियामा कमजोर विद्यार्थिका अभिभावकलाई उनीहरुसंगै राखेर पढाईन्छ ताकि घरमै सहजिकरण पुगोस । आज विद्यार्थिसंगै अभिभावलाई उनीहरुले निर्वाह गर्नुपर्ने जिम्मेवारी र कर्तव्यको शिक्षा दिन जरुरी छ । विषयबस्तुको ज्ञान बाहेक पनि गर्नुपर्ने र जान्नुपर्ने धैरै कुरा छन् । जसलाई संस्थाले सहजिकरण गर्नुपर्दछ । यसबाट एकातीर शैक्षिक सुधार हुन्छ भने अर्कोतिर संस्थाको समुदायसंगको

सम्वन्ध सुमधुर र वलियो बन्छ । उसैपनि अभिभावक पहिलो शिक्षक हो र शिक्षक दोश्रो अभिभावक हो ।

**४. नैतिक शिक्षा र परामर्श कक्षा सञ्चालन**

आजको पुस्ता उत्तर आधुनीकताबादको शिकार बनेको छ । भएको मुल्य मान्यतामा विश्वास नगर्ने, भड्काउने र नयाँ संरचना बनाउन नसक्ने भएको छ । अनैतीक र अराजकताको पराकाष्ठता छ । सोँचमा नकरात्मकता, अविश्वास कायम छ । यो परिवेशमा नैतिक शिक्षा दिनु समय समयमा परामर्श सञ्चालन गर्नु, कुलत विरुद्ध सचेत गराउनु र आत्मविश्वासी, चत्रित्रवान तथा आफुप्रति सम्मान गर्ने वानी जरुरी छ ।

**५. ICT मा सहयोग, अतिरिक्त र सहकार्यकालमा सञ्चालन :**

विद्यालय र सिकाईलाई प्रविधिमैत्री बनाउने, विद्यालयमा अतिरिक्त र सहकार्यकालमा सहयोग गरि प्रतिभा प्रस्फुटनमा सहयोग पुऱ्याउने जस्ता काममा सहयोग पुऱ्याउन सकिन्छ ।

**६. शिक्षकहरुको क्षमता विस्तार र सञ्जालीकरण**

शिक्षण सिकाई क्रममा शिक्षकहरुलाई रिफ्रेसर, मोडुलर जस्ता अल्पकालीन तालिम सञ्चालन गर्ने, गोष्ठि सेमीनार चलाउने, शिक्षक विद्यार्थि र अभिभावक अन्तरक्रिया सञ्चालन गर्न सकिन्छ । विभिन्न विद्यालयमा रहेका शिक्षकहरुको विषयगत सञ्जाल निर्माण गरी सहकाईलाई वढवा दिन सकिन्छ ।

**७. जीवनोपयोगि सिप तर्फको प्रयास**

धैरैले गरीखाने शिक्षा चाहियोभनेको वर्तमान परिवेशमा राख्दै गर्दा विद्यार्थिलाई जिवनपयोगि सीप विकास तर्फ लगाउने प्रयास गर्नुपर्छ । शैक्षिक जीवन पश्चात तुरुन्त जागिर नपाउन्जेलसम्म आफुले विद्यालय जीवनमा सिकेका सिप प्रयोग गर्नसक्ने बनाउनु आजको आवश्यक हो ।

**८. शैक्षिक शुसासन कायम गर्ने प्रयास**

शिक्षामा सरोकार वर्गको जवाफदेहीता, नीति नियमको पालना कारोवारको पारदर्शिता, नतीजा विश्लेषण, पुरस्कार र प्रोत्साहन उत्तरदायीतव जस्ता क्षेत्रबाट शैक्षिक शुशासनको प्रयास गर्न सकिन्छ ।

सिवाईसी नेपालले गुणस्तरिय शिक्षाका लागि विगतदेखि प्रयास गरिरहेको छ । संस्था भित्र छुट्टै गुणस्तरीय शिक्षा व्यवस्थापन उपसमिति बनाई खोज र अनुसन्धानमा आधारित भएर माथीका बुँदाका अलवा समय सापेक्ष रुपमा अगाडि बढ्ने अपेक्षाका आम शिक्षा प्रेमीहरुको रहेको छ ।

# सिवाईसीसंगै जन्मीएको समाजसेवा

**सीता शर्मा**
**कार्यसमिति सदस्य**



आफुलाई भनेजस्तो हुँदा समाजलाई पैतलो मुनी राख्ने र आफुलाई भने जस्तो नहुँदा त्यही समाजको आड र भरोसा खोज्ने स्वार्थबाट लोलुप्त हाम्रो मानसिकतालाई परिवर्तित गर्नु भनेको फलामको चिउरा चपाउनु वरावर हो जस्तो लाग्दछ तरपनि समाजमा देखिएको व्याप्त गरिवी, सामाजिक विसंगतीका कारण ओठमा मुस्कान ल्याउन नसकेको त्यो समाजमा केही न केही अवश्य गर्न सकिन्छ भन्ने मिठो आश र अभिलासा बोकेर वि.सं. २०४९।०६।२६ गतेका दिनदेखि आधिकारीक संस्थाको रुपमा सुरु भएको मेरो सामाजिक अभियान कहिले निश्वार्थ सेवा भावका साथ अगाडि बढ्यो त कहिले केही रोजी रोटीको जोहो गर्दै अगाडि बढ्यो । जसरी आफ्नो सेवाभाव अगाडि बढ्दा पनि यसमा कहिल्यै आफ्नो स्वार्थसंग जोडिएन कहिले कसैको सम्मानको आसा लागेन, लाग्यो त केवल समाजमा रहेको गरिवी विरुद्ध लड्ने मन र समाजमा व्याप्त विसंगतीको चिरफार गर्ने मन, मन लाग्यो त केवल नकरात्मकताले भरिएको दिमागमा सकरात्मक कुरा भर्ने मन, अनि फाटिएका र तोडिएका ति मनहरुलाई जोड्ने मन आत्मसम्मानको अभिलासा बोकेर परेलीको डिलमा टलपलाएका आँसुहरुलाई वाहिर खसे समाजले देख्ला भनी आँखै भित्र परेलीको माध्यमले लुकाउन तल्लीन ती आँखाहरु खुल्ला रुपमा चाहे बोलेर होस या आफ्ना भावहरुलाई खुलेआम व्यक्त गरेर होस आफ्नो अधिकारको बारेमा वोल्न सक्ने व्यक्तिका रुपमा देख्न चाहाने यो मनले २०४७ साल यता पनि विभिन्न अग्नि परीक्षामा सामेल हुनुपर्‍यो । हिजो अधिकारको सवालमा वोले भन्दै आवाज उठाउँदै गयौं तर त्यो आवाजले **न त रोटीमा परिवर्तन गर्‍यो न त धोतीमा** परिवर्तन भयो । जव रोटी र धोती परिवर्तन छैन भने हामीले ठुला सपना देखेर कसरी परिवर्तन हुन सक्छौं यो धैरै टाढाको कुरा थियो तर पनि बोल्न सक्नेलाई वोल्न लगाउने गर्न सक्नेलाई आत्मनिर्भरताको बाटो तर्फ उन्मुख बनाउने भनी टोलटोलमा पुगेर समुह गठन गर्ने, तालिम दिने, बचत गर्न सिकाउने, स्वास्थ्य सरसफाईको शिक्षा दिने, शिक्षाको महत्व बुझाउने, गोठेमल सुधारका लागि जोड दिने, कृषि कर्म गर्न लगाउने, आम्दानीका लागि उत्पादित बस्तु विक्री वितरणका लागि उत्प्रेरीत गर्ने जस्ता कामको थालानी गरियो । काम गर्नुपर्छ भन्ने भावना भएका तमाम दिदीवहीनीहरुलाई काम प्रतिको विश्वास वढ्दै गयो । उहाँहरुको कामप्रतीको लगावले आफुलाई पनि

आफुले थालानी गरेको अभियानले विश्वास एवं हौंसला प्रदान गर्दै गयो । हिजो आफ्नो भावना र विचारलाई विना अकमकावट राख्न सक्ने भए जसको परिणाम आफ्नो आत्म विश्वास बढ्दै गयो । पढेलेखेका ठुलावडा भन्ने व्यक्ति संग सहजै व्यवहार गर्न सक्ने भए ।

काम गर्दै जाने दौडनमा कहिले सफलता हात पऱ्यो त कहिले अससफलता यो दुवैलाई आत्मसाथ नगरी अगाडि बढ्न सम्भव थिएन । घरमा सामाजिक भावनाबाट प्रेरीत हुनु भएका शसुरा वुवाको प्रेरणा र हौंसलाबाट समाजसेवालाई आफ्नो कर्म बनाउनु भएको मेरो श्रीमान र परिवालाई मुख्य पिल्लर बनेर समाहल्नु भएको सासु आमा, आँट र साहास लिएर हिड्नुपर्दछ सबै काम सम्भव छ भनी उत्साह भर्ने मेरा वावा आमा आदिको कारण पनि आज यो सबै सम्भव भएको हो जस्तो लाग्छ र गर्भानुभुति पनि हुन्छ ।

हुनत लेखिएका पंक्तिहरुलाई उच्चारण गर्दै गहिराईमा डुब्नेहरुलाई के थाहा उक्त पंक्ति लेख्दा लेखक कति गहिराईमा पुगेको छ कति पैतलालाई खियाएको छ अनि कति छाक भोकै र कति रात अनिधो छ तर पनि त्यस पछि प्राप्त सफलतामा प्राप्त खुसी म कुनै शब्दमा व्यक्त गर्न सक्दिन । हामीले थालनी गरेको धैरै अभियानहरुलाई सरकारले अहिले मुख्य मुद्धाको रुपमा उठान गरेको छ चाहे कर्मचारीले पाउने सेवा सुविधा होस या महिला दलीत तथा पछाडि परे पारिएका व्यक्तिको अधिकारका सवालका विषय हुनु यी मुद्धा उठान गरेर काम गर्दा त्यति सजिलो भने पक्कै थिएन । वर्तमान सरकारले कुनै पनि पालिकामा पढ्दै सिक्दै, सिक्दै कमाउदै भनि ल्याएको अभियान हामी ६०, ६२ सालमा नै एउटा किसानको घरगोठ र वारी बाट शुरुवात गरेका थियौ । जसको नाम थियो “भकारोदेखि भकारीसम्म हुनत सुन्ने गरिन्छ आलिदेखि थालीसम्म” आलिबाट शुरुवात गरेको कृषीको फाईदा प्रत्यक्ष देशलाई छैन त्यसका लागि भकारोबाट नै शुरुवात गर्ने अभियानलाई सरकारले पनी गती दिन नसकेको आभास हुन्छ । हिजो कुनै पनी शिर्षकमा बजेट खोजीएन एउटा अभियान बोकेर गाउँमा प्रवेश गर्दै गर्दा स्वास्थ्यकर्मी आफै वनियो, कृषि प्राविधिक आफै वनियो, शिक्षक आफै बनियो, निरीक्षक आफै बनियो, सहजकर्ता आफै अनी न्याधिश पनि आफै, हिड्दै जादा देखिएका सारा समस्या आफ्नै जस्तो लाग्थ्यो । एकैछिन बसी सम्झाई बुझाई समस्या हल गरेर हिडिन्थ्यो फर्किदा अम्खाराको पानीसंगै कती खुसी साट्न पाईन्थ्यो । आज यो सबै चिजहरु हराएर गए अहिले प्रत्येक शिर्षकमा छताछुल्ल बजेट छ तर परिवर्तनको आभास अझै ती मनहरुले गर्न पाएनन् परिवर्तनको आभास ती आँखाहरुले गर्न पाएनन, ती कर्मशिल हातहरुले गर्न पाएनन् सायद यीनीहरुले यसको अनुभुती गर्न पाउथे भने देशको परिवर्तनको गति पनि फरक हुन्थ्यो होला । सिमीत टाठाबाठाहरुको हातमा भएको छताछुल्ल बजेटले गरिवको चाउरिएको मुहार फेर्न सक्ने कुरै भएन समाजसेवा त हास्न नसकेकाहरुलाई हसाउने, वित्तीय पहुँचबाट टाढा रहेकाहरुलाई वित्तीय पहुँच पुऱ्याउने थियो र हुनेछ । त्यसैले त आजसम्म अनवरत रुपमा क्रियाशिल वनिरहेको छ ।

हुनत बन्द कोठाबाट संसार नियाल्न सक्ने हिम्मत भएका हामीलाई यी कुराहरु निरर्थक लाग्न सक्छ तरपनी ईतिहाँस कहिल्यै मर्दैन बाचुन्जेल नत लेखिन्छ न त देखिन्छ । मरेपछि मात्र अभाव हुन्छ । यो त हामी पटक पटक भोगिरहेका छौं । भनिन्छ नी त जिवन सुधार गर्नु छ भने पहिला संगत सुधार तर समाजमा व्याप्त सामाजिक पुँजी गुम्दै गएको छ यदि संगतले मात्र देशको सुधार हुन्थ्यो भने देशको

आधा जनसंख्या विकसीत देशमानै बसोबास गरी आफ्नो भविष्य निर्माणको बाटो निर्धारण गरिरहेको छ । तर देश भने जहाँको त्यहि जस्ताको त्यस्तै भएको आभाष हुन्छ । चुलो सुधारे जीवन सुधिन्छ त्यसैले धैरै समस्या चुलोबाट सुरु हुन्छ भन्ने कुरा सबैले बुझ्न जरुरी छ । विकासको संरचनामा सबैको समान सहभागिता हुन जरुरी छ । लाखौं रुपैयाको आभुषण लगाए पनि सामान्य धोती र चोली फेरेपनि हेर्ने भनेको अन्तीममा समान दर्पणमै हो । त्यसैको अगाडि नउभिएसम्म हामीलाई सनतुष्ट मिल्दैन । हो विकास भनेको त्यही ऐना जस्तै हुनुपर्दछ जसले विना भेदभाव सबैको रुपलाई छलङ्ग पारीदिन्छ भन्ने सपनाहरुलाई मनभरी सजाउदै थालनी भएको अभ्यासबाट सिवाईसी नेपालले आफ्ना विभिन्न हाँगा विगााको विकास गरी देशका ७०० भन्दा वढि युवाहरुलाई रोजगारी स्थापना गरेको छ भने ८५ हजार महिला दिदिबहिनीहरुलाई समुह केन्द्रमा आवद्ध गरी आत्मनिर्भरताको बाटो तर्फ उन्मुख रहेको छ ।

**१. सिवाईसी साकोसको स्थापना**

सामाजिक परिचालनमा आफुलाई अव्वल रुपमा स्थापीत गर्न सफल सिवाईसी नेपालका संस्थापक अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलले सिवाईसी नेपाललाई छलाङ मार्दै गर्दा २०६६ सालमा लघुवित्तलाई निरन्तरता दिन संस्थाको कोष कमि भएका कारण आवश्यकता अनुसार वाह्य ऋण पाउन कठिनाई भएको परिवेश एकातीर थियो भने अर्कोतर्फ सहकारीले पनि नीति विधि अनुसार अगाडि बढ्न कठिनाई भएको परिवेशलाई आफ्नो अर्को अवसर ठानी सिवाईसी बचत तथा ऋण सहकारी संस्थाको रुपमा स्थापना गर्नु भयो र मलाई पनि त्यहि संस्थामा काम गर्ने अवसर मिल्यो जसको परिणाम धैरै महिला दिदीबहीनी अझ विशेष नवदम्पती विवाहको दिनमानै सम्पत्तीको मालिक हुने सौभाग्य पाए भने कोहीको आर्थिक रुपमा पनि समान पहुँच बृद्धि हुन थाल्यो । अर्को तर्फ हुने खानेको पैसा हुँदा खानेमा पुऱ्याउने भनी थालीएको अभियानले सार्थकता पाएको समेत आभाष दिलायो । सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्थाले झेल्नु पर्ने आर्थिक संकटबाट समेत केही हदसम्म सहयोग पुऱ्यायो सिवाईसी साकोसले ।

**२. सिवाईसी विउ भण्डार**

नाम एक काम अनेक सिवाईसी नामक संस्थाले आफ्नो स्थापना पश्चात कुनै काम संस्था आफै संलग्न भएर वा कुनै काम व्यक्ति संलग्न भएर सञ्चालन गर्ने उद्देश्य बमोजिम बा.न.पा.-११, रायडाँडा निवासी संस्थाका सदस्य मन्जु सापकोटाले सिवाईसी विउ भण्डार सञ्चालन गरी कृषकहरुलाई सहजै रुपमा विउ तथा मलको उपलब्धताका लागि कार्य गर्दै आईरहनु भएको छ । भने उहाँका जीवन अनुकरणीय र गुणस्तरीय बन्दै आर्थिक सवलताका शिखरहरु चुम्न सक्षमता मिलेको छ ।

**३. सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को स्थापना**

काम जुनसुकै गर्दा पनि हुन्छ तर आफुले गर्ने कामले अरुलाई फरक आभाष दिनुपर्छ भन्ने सिुवाईसी ग्रुपका अध्यक्षज्यूको कथन अनुसार सिवाईसी लघुवित्त वित्तीय संस्था लाई फरक आभाष दिएर अगाडि बढ्नु सामान्य कुरा थिएन । एकातर्फ माओवादी द्वन्द्व अर्कोतर्फ वित्तीय समस्या दुरदरारमा कार्यक्षेत्र बस्ती बस्तीमा पुग्नुपर्ने अवस्था, यातायाताको अभाव, हत्याहिंसा र बलत्कारको दबदबा आदी-आदी अवरोध र समस्याका बावजुत पनि यी सबै संस्थालाई समानान्तर रुपमा अगाडि बढाई सफलता पूर्वक

लघुवित्त वित्तीय संस्थाको रुपान्तरण हुनु यो हाम्रो लागि अत्यन्त गौरवको कुरा हो । ज्ञान बाड्नु पनी जिवन हो भने जस्तै आफु भित्रको लगाव र तल्लीनताका साथ लागि परेर लघुवित्तको ज्ञान वाड्डै जाँदा अहिले देशभरकै उत्कृष्ठ संस्थाको नाममा सिवाईसीको नाम आउनु नै हाम्रो लागि गौरवको विषय हो ।

हरेक चिजको आफ्नो धर्म हुन्छ खुर्सानीको धर्म पिरो हुनु हो यदि उसले जती नै फल लागे पनि आफ्नो धर्म विर्स्यो भने त्यसको कुनै अर्थ हुदैन त्यसैले सबैले आ-आफ्नो धर्म निर्वाह गरी काम गर्नु पर्दछ । विगतलाई विर्सिनेको वर्तमान पनि त्यति सुन्दर बन्दैन भन्ने कुरामा हामी विश्वस्त छौं त्यसैले त्यसको नीति र विधिलाई आत्मसाथ गर्दै निरन्तर रुपमा लाग्नु पर्दछ । नीति नियम विर्सेकै कारण आत्म सम्मानका साथ आत्मनिर्भर बनी जिउनु पर्दछ भनी साहुमहाजन, छिमेकी र आफ्नै परीवारले नपत्याएका महिलालाई समुहमा आवद्ध गरी तालिम दिई आय-आर्जनको बाटोतर्फ उन्मुख गराएका महिलाले नै लघुवित्तलाई धमिल्याई रहेका छन् । हिजो महिलाहरु निश्चल, निर्मल हुन्छन्, छक्का पञ्जा गर्दैनन् भन्ने व्यक्तिहरुले आज महिलाहरुलाई नै जाली साछीको रुपमा देख्न थालेका छन् । सिवाईसी नेपालको स्थापनाको मर्म विपरीत देखिएका समस्याले गर्दा कता कता आफै भित्र हजारौं प्रश्नहरु तेर्सिएर आउछन् नारी भनेर सम्मान गर्ने ओठहरुबाट गालिको वर्षा हुने त होईन भन्ने आशंका मनमा उब्जीएता पनि समग्रमा धैरै व्यक्तिको जीवनमा परिवर्तन भएको छ । ८५ हजार सदस्य समुह तथा केन्द्रमा आवद्ध छन् ४१५ जनाले रोजगारी प्राप्त गरेका छन् यो अभियानको सबैभन्दा ठुलो र महत्वपूर्ण कुरा यहि हो ।

सामाजिक संस्थाको स्थापना र रुपान्तरण संगसंगै जन्मीएका अंग र हाम्रो जीम्मेवारीको विषयमा आफुलाई लागेको आफुले गरेका आधारमा धैरै विषय बस्तु उठान गर्ने सकिने थुप्रै आधारहरु छन् तथापी छोटो रुपमा यसलाई अभिलेखिकृत गर्ने प्रयत्न गरेको छु । म मेरो समय सन्दर्भलाई मिल्यो भने सामाजिक अभियान सञ्चालन गर्दा आफुले भोगेका र सिकेका थुप्रै विषयवस्तुलार्य अन्य श्रङखलामा लिपिवद्ध गर्ने प्रयत्न गर्नेछु ।

अन्तमा, सिवाईसी रुपी यि विरुवाहरु अझै झाँगिदै र मौलाउदै जाउन सबैले सिवाईसीको सेवाको अनुभुती गर्न पाउन । हिजो माईती भन्नेले माईती र साथी भन्नेले साथीको आभाष गर्न पाउन भन्ने शुभकानमा शुभेच्छा प्रकट गर्दछु ।

# सिर्जनशील युवा केन्द्र Creative Youth Center (CYC)
# सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९

**प्रस्तावना :**
चारतारे युवा क्लव, नेपालको विधान २०४९ को प्रस्तावनामा संस्थालाई सम्पूर्ण राष्ट्रप्रेमी, समाजसेवी, विकासप्रेमी, सबै प्रकारका अन्याय, अत्याचारको विरुद्ध दृढता साथ अघि बढ्ने न्यायपूर्ण सु-संस्कृत समानतामा आधारित नयाँ समाजको निर्माण गर्ने चाहाना भएका व्यक्तिहरुको साझा संस्था हो भनि उल्लेख भएको छ । यसले स्थापना देखी हालसम्म सामाजीक रुपान्तरणको कार्य गरी आइरहेको सन्दर्भमा सस्थाको २७ औ साधारण सभाले युवाहरुको सहभागीता र परिचालनलाई महत्वमा राखी 'सिर्जनशील युवा केन्द्रको' स्थापना गर्ने निर्णय भए बमोजिम संस्था कार्यसमितिले 'सक्षम युवा, आत्मनिर्भर समाज र समृद्ध राष्ट्र' निर्माणका लागि सर्वसम्मतिले यो सिर्जनशील युवा केन्द्र नेपालको स्थापना गरेको छ ।
युवाशक्ति राष्द्रको अमुल्य सम्पत्ति हुन् । युवा राजनितिक, आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका अग्रदुत तथा परिवर्तनका सेवाहरु शक्ति हुन् । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण यो वर्ग राष्द्रको प्रमुख धरोहरको रुपमा रहेको हुन्छ । नेपालमा १६-४० वर्ष उमेर समुहका युवाको संख्या ४०.३ प्रतिशत रहेको छ । गुणात्मक र संख्यात्मक दृष्टिले युवा राष्द्रको मेरुदण्ड भएकाले युवाको सर्वाङ्गीण विकास गरी उनिहरुको क्षमतालाई राष्ध्रिय विकासको मुलधारमा ल्याउन आवश्यक देखिएको छ ।

विकास र परिवर्तनको आधार स्तम्भको रुपमा रहेका युवा वर्गको नेतृत्व तथा क्षमता विकास गरी शासन सञ्चालन प्रणाली र सुशासन सम्वन्धमा युवालाई सुसुचित र शशक्तीकरण गर्दै उनीहरुको चौतर्फि विकासका लागि युवा मैत्री नीति, योजना, कार्यक्रम र प्राथमिकता निर्धारण गर्न, युवा लक्षित उद्देश्य प्राप्तिका लागि संस्थालाई पृष्ठपोषण दिन तथा सकरात्मक वातावरण निर्माण गर्न, युवाको मुद्धाहरुको वहस, पैरवी गर्न , युवालाई सामाजिक दायीत्व र कर्तव्यप्रति जिम्मेवार बनाउनका लागि स्थानीय तहका हरेक वडा पालिका र संघिय निर्वाचन क्षेत्रफलमा स्वयंसेवी सञ्जालको रुपमा सिर्जनशील युवा केन्द्र र युवा संजाल गठन गरि सोही केन्द्र र संजाल मार्फत, युवा परिचालन गर्ने उद्देश्यले यो युवा केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७९ जारी गरि लागु गरिएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो निर्देशिकाको नाम सिर्जनशील युवा केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७९ रहने छ ।

१.२. यो निर्देशिका कार्यसमितिबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

२.१. "संस्था" भन्नाले चारतारे युवा कलव, CYC नेपाललाई सम्झनु पर्दछ ।

२.२. "विधान" भन्नाले चारतारे युवा क्लव, नेपालको विधान २०४९ लाई सम्झनुपर्दछ ।

२.३ "कार्यसमिति" भन्नाले संस्थाको विधान बमोजिम गठित कार्यसमितिलाई सम्झनु पर्दछ ।

२.४ "सिर्जनशील युवा केन्द्र" भन्नाले चारतारे युवा कलव, नेपालको कार्यसमितिले युवाहरुको सर्वाङ्गिण विकासका लागि विधान बमोजिम गठन गरेको १६-४० उमेर समुहका व्यक्तिहरु संलग्न रहेको संस्थाको भातृ संस्थालाई सम्झनु पर्दछ ।

२.५ "युवा" भन्नाले १६ वर्ष पुरा भई ४० वर्ष ननाघेका युवालाई सम्झनु पर्दछ ।

२.६. "युवा क्लव" भन्नाले स्थानीय तहको प्रत्येक वडामा गठित युवा कलवलाई सम्झनु पर्दछ । सो शब्दले यस पूर्व गठन भई सञ्चालनमा रहेका युवा क्लवलाई समेत सम्झनु पर्दछ ।

२.७. "परिषद" भन्नाले राष्ट्रिय युवा परिषदलाई सम्झनु पर्दछ । यो प्रयोजनले प्रदेशमा गठित युवापरिषद समेतलाई सम्झनुपर्दछ ।

२.८ "युवा नीति" भन्नाले नेपाल सरकारले जारी गरेको युवा नीति २०७२ र त्यसपछि जारी हुने नीतिलाई सम्झनु पर्दछ ।

२.९. "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय तथा युवासंग सम्वन्धित मन्त्रालयलाई सम्झनुपर्दछ ।

२.१० "कार्यक्रम" भन्नाले युवालाई लक्षित गरी सञ्चालित कार्यक्रमलाई सम्झनु पर्दछ ।

## ३. सिर्जनशील युवा केन्द्र गठन निर्देशिकाका उद्देश्यहरु :-

३.१. समाज रुपान्तरण, राष्ट्र निर्माण एवं राष्ट्रिय विकासमा युवाको भूमिका तथा सहभागिता बृद्धि गर्नका लागि स्थायी प्रकारको संयन्त्र तयार पार्ने ।

३.२ युवा वर्गमा सिर्जनशीलता उद्यमशीलता र नवोन्वेशी क्षमता विकास गराई उनीहरुमा रहेको अन्तरनिहीत क्षमता उजगार गर्नका लागी उचित वातावरण सिर्जना गर्ने ।

३.३ राष्ट्रिय युवा नीति अनुरुपका कार्यक्रमहरु सञ्चालन गर्न युवा परिषदसंग समन्वय र सहकार्यको संयन्त्र तयार पार्ने ।

३.४ युवाका सवाल, शशक्तिकरणका तरिकाहरु र भुमिकाको बारेमा साझा बुझाई बनाउन सहयोग पुऱ्याउने ।

३.५. युवाका कार्यक्रमहरु प्रभावकारी चरणवद्ध र व्यवस्थित संचालन गर्न सहयोग पुऱ्याउने ।

## ४. सिर्जनशील युवा केन्द्रका प्राथमिकता तथा सवालहरु

४.१ चारतारे युवा क्लवको विधान २०४९ मा उल्लेखित उद्देश्यहरु र राष्ट्रिय युवा नीतिले निर्धारण गरेका युवाहरुका प्राथामिकताका सवालहरु र युथ भिजन २०२५ त्यसपछि बन्ने भिजनको प्राथमिकता समेतलाई केन्द्र विन्दुमा राखेर सिर्जनशील युवा केन्द्रले काम गर्ने छ ।

## ५. कार्यालय सम्वन्धि व्यवस्था

५.१ यो निर्देशिकामा उल्लेखित कार्यहरु सञ्चालनका लागि चारतारे युवा क्लवको केन्द्रीय कार्यालय मै कार्यालय रहने छ । संस्थाले आवश्यकता अनुसार प्रत्येक वडा र स्थानीय तहमा संस्थाको नाम बाटै कार्यलय राख्न सक्ने छ ।

## ६. गठन सम्वन्धि व्यवस्था

६.१ संस्था कार्यसमितिबाट विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी सिर्जनशील युवा केन्द्र उपसमितिको गठन र परिचालन गरिने छ ।

६.१.१ केन्द्रस्तरमा १७ सदस्यीय, क्षेत्र स्तरमा १५ सदस्यीय, पालिका स्तरमा १३ सदस्यीय र वडा स्तरमा ११ सदस्यीय सिर्जनशील युवा केन्द्र सञ्चालन तथा व्यवस्थापन उपसमिति गठन गरिने छ ।

६.१.२ विभिन्न तहमा हुने नमुना युवा संसद संचालन सम्बन्धमा संस्था कार्य समितिले छुट्टै कार्यविधी बनाई लागु गर्न सक्नेछ ।

६.२ **उपसमितिको पद विभाजन देहाय बमोजिम हुनेछ :**

संयोजक -१

सहसंयोजक-१

सचिव-१

सदस्य- केन्द्र स्तरमा १४, क्षेत्र स्तरमा १२, पालिका स्तरमा १० र वडा स्तरमा ८ जना, जसमध्ये सबै तहमा ३३ प्रतिशत महिला अनिवार्य रहनु पर्नेछ ।

**७. पदावधि**

७.१ सिर्जनशील युवा केन्द्रको पदावधि २ वर्षको हुनेछ । विधान र निर्देशिका अनुरुप कार्य गर्न नसकेमा संस्था कार्यसमितिले जुन बेला पनि भंग गरी नयाँ उपसमिति गठन गर्न सक्ने छ ।

## परिच्छेद ३
## बैठक तथा गठन प्रकृया, काम, कर्तव्य र अधिकार

**८ वैठक सम्वन्धि व्यवस्था**

८.१ सिर्जनशील युवा केन्द्र, केन्द्रीय उपसमिति, क्षेत्रीय उपसमिति र पालिका उपसमितिको बैठक दुई महिनाको १ पटक र वडा उपसमितिको वैठक मासिक रुपमा वस्ने छ ।

८.२ वैठक संयोजकको परामर्शमा सचिवले वोलाउने छन् ।

८.३ वैठकको अध्यक्षता उपसमितिका संयोजकको अध्यक्षतामा वस्नेछ । निजको अनुपस्थितमा सहसंयोजक को अध्यक्षतामा र निज पनि अनुपस्थित रहेको खण्डमा जेष्ठ सदस्यको अध्यक्षतामा वैठक वस्ने छ ।

८.४ वैठकमा सकेसम्म सर्वसम्मत निर्णय गर्नु पर्ने छ । सर्वसम्मत हुन नसकेमा वहुमतको निर्णयलाई मान्यता दिईने छ ।

**९. गणपुरक संख्या**

वैठकको गणपुरक संख्या ५१ प्रतिशत हुने छ ।

**१० प्रतिवेदन सम्वन्धि व्यवस्था**

केन्द्रीय उपसमितिले आफुले गरेको काम, नियमित वैठक र मातहतका उपसमितिले गरेका कामहरु समेटी द्वैमासिक रिपोर्ट संस्था कार्यसमिति समक्ष पेश गर्नुपर्नेछ । अन्य उपसमतिहरुले त्रैमासिक रुपमा केन्द्रीय उपसमितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**११ सिर्जनशील युवा केन्द्रको काम, कर्तव्य र अधिकार :**

**सिर्जनशील युवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

**११.१ वडा युवा केन्द्र उपसमितिको काम, कर्तव्य र अधिकार :-**

क) वडामा रहेका युवा क्लवहरुको क्षमता विकास गर्ने र नयाँ युवा क्लव गठनका लागि स्थानीय वडासँग समन्वय र सहकार्य गर्ने ।

ख) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

ग) स्थानीय तहमा संचालन हुने सरसफाई खेलकुद, वातावरण संरक्षण, वालअधिकार, मानवअधिकार, महिला अधिकार, शैक्षिक कार्यक्रम, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका अभियानहरुमा सकृयतापूर्वक सहभागी भई कार्यक्रम सफल वनाउन सहयोग गर्ने ।

घ) प्राकृतिक प्रकोप र विपदका वेला विपद पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडा समिति, गाउँपालिका तथा नगरपालिका सँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वंयसेवीको भूमिका निर्वाह गर्ने ।

ङ) स्थानीय स्तरमा सञ्चालन हुने युवा लक्षित कार्यक्रममा सहयोग तथा सञ्चालन गर्ने ।

च) वडाको समन्वय र सहकार्यमा कम्तीमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

छ) राष्ट्रिय युवा परिषद, प्रदेश युवा परिषद र स्थानिय तह बीच समन्वय र सहकार्य  गरि युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

ज) सार्वजनिक निकायमा सुचनाको हकको कार्यान्वय तथा शुसाशन प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

झ) रोजगारी र स्वरोजगारीको अवसर सिर्जना बचत गर्ने बानीको विकास गराउनको लागी युवालाई सहकारीमा आवद्ध गराउने, सहकारी नभएको ठाउँमा आवश्यकता अनुसार सहकारी संस्थाको स्थापना गर्ने ।

ञ) परम्परागत पेसाको पहिचान गरी उक्त पेसालाई आधुनिकिकरण गर्ने गराउने ।

ट) त्रैमासिक रुपमा प्रतिवेदन तयार पारी पालिका स्तरीय युवा केन्द्रमा पेश गर्ने ।

ठ) संस्थाबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## ११.२. पालिका स्तरीय युवा केन्द्रको काम, कर्तव्य र अधिकार

क) स्थानीय युवा क्लवको नेतृत्व क्षमता विकासमा सहयोग गर्ने ।

ख) युवाहरुलाई स्वयंसेवी  कार्यमा लाग्न उत्प्रेरीत गर्ने ।

ग) समाजमा रहेका युवाहरुको शक्ति र जोश जाँगरलाई विकासको मूल प्रवाह तर्फ ध्यानकर्षण गर्दै चारित्रिक, नैतिक एवं क्रियाशील युवाको समुह निर्माण गर्न सचेतनामूलक कार्यहरु सञ्चालन गर्ने ।

घ) विपद व्यवस्थापन तथा सामाजिक अन्धविश्वास र कुरीति विरुद्ध युवा परिचालनका लागि सहजीकरण गर्ने ।

ङ) युवामा सकरात्मक सोचको विकास, उद्यमशीलता र स्वरोजगारको भावना विकासमा सहयोग पुऱ्याउने ।

च) संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयनको लागि सहयोग गर्ने ।

छ) पालिकास्तरमा युवा सम्मेलन, युवा संसद आादिका माध्यमहरुबाट युवाको नेतृत्व व्यक्तित्व र शैलीमा परिवर्तन ल्याई गुणस्तरीय जीवन निर्वाहका लागि सहयोग पुऱ्याउने ।

ज) वडास्तरीय क्लवको अनुगमन गरी पृष्ठपेषण दिने ।

झ) त्रैमासिक प्रतिवेदन तयार पारी क्षेत्रस्तरीय सिर्जनशील युवा केन्द्मा पेश गर्ने ।

ञ) पालिकाको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम र एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

ट) शिक्षा आर्जनको क्रममा रहेका, समाजमा आफ्नो पहिचान स्थापित गर्न संवेदनशील अवस्थामा रहेका युवाहरुको शिक्षा रोजगारी, वृत्ति लगायतका एवं सामाजिक विकासका क्षेत्रहरुमा सहयोग पुऱ्याउने ।

ठ) आफ्नो क्षेत्र भित्रका युवा क्लवको तथ्याङ्क अध्यावधिक गर्ने, गराउने ।

ड) रोजगारी र स्वरोजगारीको अवसर सिर्जना बचत गर्ने बानीको विकास गराउनको लागी युवालाई सहकारीमा आवद्ध गराउने, सहकारी नभएको ठाउँमा आवश्यकता अनुसार सहकारी संस्थाको स्थापना गर्ने ।

ढ) संस्थाले तोकेका अन्य कार्यहरु गर्ने ।

**११.३ क्षेत्र स्तरीय युवा केन्द्रको काम, कर्तवय र अधिकार**

क) आफ्नो क्षेत्र भित्र पर्ने पालिका स्तरीय युवा क्लवको नेतृत्व क्षमता विकासमा सहयोग गर्ने ।

ख) युवाहरुलाई स्वयंसेवी कार्यमा लाग्न उत्प्रेरित गर्ने ।

ग) समाजमा रहेका युवाहरुको शक्ति र जोश जाँगरलाई विकासको मूल प्रवाह तर्फ ध्यानकर्षण गर्दै चारित्रीक, नैतिक एवं क्रियाशील युवाको समुह निर्माण गर्न सचेतनामूलक कार्यहरु सञ्चालन गर्ने ।

घ) विपद व्यवस्थापन तथा सामाजिक अन्धविश्वास र कुरीति विरुद्ध युवा परिचालनका लागि सहजीकरण गर्ने ।

ङ) युवामा सकरात्मक सोचको विकास, उद्यमशीलता र स्वरोजगारको भावना विकासमा सहयोग पुऱ्याउने ।

च) संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयनको लागि सहयोग गर्ने ।

छ) क्षेत्रस्तरमा युवा सम्मेलन, युवा संसद आादिका माधयमहरुबाट युवाको नेतृत्व व्यक्तित्व र शैलीमा परिवर्तन ल्याई गुणस्तरीय जिवन निर्वाहका लागि सहयोग पुऱ्याउने ।

ज) पालिका स्तरीय सञ्जाल र केन्द्रको अनुगमन गरी पृष्ठपेषण दिने ।

झ) त्रैमासिक प्रतिवेदन तयार पारी केन्द्रस्तरको सिर्जनशील युवा केन्द्रमा पेश गर्ने ।

ञ) राष्ट्रिय युवा नीति तथा युथ भिजनमा परिलक्षित योजना र कार्यक्रमलाई साकार बनाई नेपाली युवाको सर्वतोमुखी विकासमा सहयोग पुऱ्याउने ।

ट) योग ध्यान, आत्मसुरक्षा, कला लगायतको माध्यमबाट युवाको स्वास्थ्य प्रवर्द्धन गर्दै जेविक तथा स्वच्छ आहार विहार र सरसफाई सम्वन्धि कार्यक्रम संचालन गर्ने गराउने ।

ठ) युवाले नेतृत्व गरेका संघ संस्था एवं राजनैतिक युवा संगठनको क्षमता अभिवृद्धि गर्ने ।

ड) आफ्नो क्षेत्र भित्रका युवा क्लवहरुको तथ्याङ्क अध्यावधिक गर्ने, गराउने ।

ढ) रोजगारी र स्वरोजगारीको अवसर सिर्जना बचत गर्ने बानीको विकास गराउनको लागी युवालाई सहकारीमा आवद्ध गराउने, सहकारी नभएको ठाउँमा आवश्यकता अनुसार सहकारी संस्थाको स्थापना गर्ने ।

ण) संस्थाले तोकेका अन्य कार्यहरु गर्ने ।

**११.४ केन्द्र स्तरीय युवा केन्द्रको काम, कर्तव्य र अधिकार**

क) वडा, पालिका र क्षेत्र स्तरीय युवा केन्द्रको क्षमता अभिबृद्धि गर्ने ।

ख) युवा लक्षित कार्यक्रमहरुको प्रस्ताव तयार पारी सहयोगी निकायमा पेश गर्ने ।

ख) युवा संसदको नमुना अभ्यास गराई युवामा नेतृत्व, व्यक्तित्व र सकरात्मक सोच सहित चौतर्फी विकासका लागि कार्य गर्ने, गराउने ।

ग)  संस्थासंग समन्वय गरी समाज विकास र रुपान्तरणका लागि युवा स्वयंसेवकहरु परिचालन गर्ने ।

घ)  युवासंग सम्वन्धित विषयगत दक्षता हाँसिल गरी सो क्षेत्रको नेतृत्व र पैरवि गर्न सक्षम बनाउने ।

ङ)  प्राथामिकता प्राप्त युवालाई रोजगारी तथा राज्यको मूल प्रवाहमा ल्याउन पहल गर्ने ।

च)  राज्यका तल्ला तह गाउँ तथा नगरलाई युवामैत्री बनाउने तथा दीगो विकासका लक्ष्यलाई आ-आफ्नो परिवेशमा स्थानीयकरण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्ने ।

छ)  आफू र मातहतका युवा संयन्त्रहरुलाई अधिकार र कर्तव्य प्रति सजग गराउँदै समाज निर्माणमा उत्प्रेरित गर्ने ।

ज)  राष्ट्रिय युवा नीति तथा युथ भिजनमा परिलक्षित योजना र कार्यक्रमलाई साकार बनाई नेपाली युवाको सर्वतोमुखी विकासमा सहयोग पुऱ्याउने ।

झ)  नमूना युवा गाउँ बनाउन सम्भावयता अध्ययन गरी संस्था कार्यसमितिमा पेश गर्ने ।

ञ)  दुर्व्यसनको लतमा फसेका युवाहरुलाई विभिन्न कार्यक्रमको माध्यमबाट सहीबाटोतर्फ उन्मुख गराउने ।

ट)  युवा प्रतिभाको खोजी र उनीहरुको कार्यलाई प्रोत्साहन, प्रशंसा र सम्मान गर्ने ।

ठ)  युवाहरुको विकासका लागि परामर्श सेवा उपलब्ध गराउने ।

ड)  संस्थामा रहेको युवा खेलकुद तथा वातावरण संरक्षण उपसमितिसंग समन्वय र सहकार्य गर्ने

ढ)  श्रमप्रति सम्मान गर्ने संस्कृति विकास गर्दै युवाहरुको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोवलयुक्त नैतीकवान संुसंस्कृत सिर्जनशील तथा व्यवसायिक रुपमा दक्ष युवा तयार पार्ने ।

ण)  युवाका आधारभूत अधिकारहरु सुनिश्चत गर्दै उत्पादनशील क्षेत्रहरुमा युवा वर्गको पहुँच बृद्धि गरी राष्ट्रको आर्थिक सामाजिक, राजनैतीक एवं साँस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण निर्णय एवं कार्यान्वयन प्रकृयामा लैंगिक संवेदनशिलतामा आधारित अर्थपूर्ण सहभागिताको माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवाहरुलाई राष्ट्रिय विकासको संवाहक शक्तिका रुपमा स्थापित गर्ने ।

त)  समाजमा रहेका सबै प्रकारका विभेदहरुको अन्त्यका लागी विशेष अभियान सञ्चालन गरीनेछ ।

थ)  प्राथमिकताको समुह तथा विशेष प्राथामिकताको समूहमा परेका युवाहरुलाई सकरात्मक विभेदको माध्यमबाट सशक्तीकरण गरी विकासको मुल प्रवाहमा ल्याउने ।

द)  युवा संसदको अभ्यासबाट युवाहरुको नेतृत्व र व्यक्तित्व विकासमा योग्दान पुऱ्याउने ।

ध)  सवै वडा तथा पालिका तहमा सिर्जनशील युवा केन्द्र गठन र परिचालन गर्ने ।

न)  जलवायु परिवर्तन न्युनिकरणका लागी युवाहरुलाई परिचालन गर्ने ।

प)  युवाहरुको अवस्थाको विश्लेषण गर्ने र युवा क्लवको जिल्ला स्तरीय तथ्याङ्क अध्यावधिक पार्ने ।

फ)  संस्थाको निर्देशन बमोजिम तोकिएका अन्य कार्यहरु गर्ने, गराउने ।

## परिच्छेद ४

## सिर्जनशील युवा केन्द्र उपसमितिको काम कर्तव्य र अधिकार

**१२.  संयोजकको काम, कर्तव्य र अधिकार :**

क)  युवा केन्द्रको काम कर्तव्यलाई बुझ्ने र प्रभावकारी ढंगबाट सम्पादन गर्ने ।

ख)  उपसमितिका सदस्यहरुलाई आफ्नो कार्य गर्नका लागि आवश्यक सूचना तथा जानकारी भए नभएको निर्क्योल गर्ने ।

ग)  उपसमितिको कार्य संचालनका लागि आवश्यक पर्ने श्रोत साधनको व्यवस्था गर्ने ।

घ)  कार्य समितिको अध्यक्ष समक्ष हरेक गतिविधिहरुको प्रतिवेदन पेश गर्ने ।

ङ) उपसमितिका सदस्यहरुको जिम्मेवारी बाँडफाँड गर्ने ।

च) उपसमितिले गर्ने वार्षिक कार्यहरुका लागि योजना बनाई कार्य समितिमा पेश गर्ने ।

छ) उप समितिको बैठकको अध्यक्षता गर्ने ।

ज) उपसमितिको बैठक वोलाउन सचिवलाई जानकारी दिने ।

झ) संस्था कार्य समितिको नीति निर्देशन भित्र रही तोकेको अन्य कार्यहरु गर्ने ।

ञ) लगातार ३ पटक विना जानकारी बैठकमा अनुपस्थित रहने सदस्यको पद रिक्त गराउन कार्य समितिमा सिफारीस गर्ने ।

**१३. सह संयोजकको काम, कर्तव्य र अधिकार :**

क) संयोजकको अनुपस्थितिमा संयोजकले गर्नुपर्ने सवै कार्य गर्ने ।

ख) मातहतका केन्द्रको अनुगमन संयोजकको रुपमा काम गर्ने ।

ग) कार्यसमितिबाट तोकिएका अन्य कार्यहरु गर्ने ।

**१४. सचिवको काम, कर्तव्य र अधिकार :**

क) संयोजकले दिएको जानकारी अनुसार बैठक बोलाउने ।

ख) उपसमितिको दैनिक कार्य सञ्चालन गर्ने ।

ग) उपसमितिको सम्पूर्ण कागजातहरु दुरुस्त राख्ने ।

घ) युवा केन्द्रको प्रतिवेदन तयार पारी बैठकमा पेश गर्ने ।

ङ) संयोजकले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

**१५. सदस्यको काम, कर्तव्य र अधिकार**

क) सिर्जनशील युवा केन्द्रको बैठकमा सक्रिय सहभागी भई केन्द्रको उद्देश्य प्राप्तीका लागि योगदान गर्ने ।

ख) उपसमितिले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग) युवा केन्द्रको उन्नति प्रगतिका लागि विभिन्न योजनाहरु तय गर्ने ।

घ) सकरात्मक सोच्ने र अनुकरणीय बन्ने ।

ङ) तोकिएका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ५
## संसोधन व्याख्या र वचाउ

**१६. निर्देशिकाको संसोधन :-**

यो निर्देशिकाको संसोधन सस्था कार्य समितिको वहुमतको निर्णयबाट गरीनेछ ।

**१७. निर्देशिकाको व्याख्या :-**

यो निर्देशिकाको व्याख्या सस्थाको विधानको अधिनमा रहि गर्नुपर्ने छ । यस निर्देशिकामा स्पष्ट भएका कुराहरु यसै निर्देशिका वमोजिम र कुनै कुरा अस्पष्ट भएमा सस्थाको विधान वमोजिम र कार्य समितिको निर्णयअनुसार हुनेछ ।

**१८. वचाउ :-**

यो निर्देशिका लागु हुनु भन्दा पहिले भए गरेका कामहरु यसै निदेशिका वमोजिम भए गरेको मानिने छ ।

# सभा संचालन कार्यविधि

**प्रस्तावनाः**

चारतारे युवा क्लव CYC नेपालको कार्य समिति बैठक साधारण सभा र अधिवेशनहरु नियमबद्ध र क्रमवद्ध रुपमा संचालन गर्नका लागि विधानको भाग १४ उपदफा (१) वमोजिम यो standing order २०५६ तयार गरी लागु गरिएको छ ।

**१. अध्यक्षताः**

१२ चारतारे युवा क्लव CYC नेपालको कार्यसमितिको बैठक साधारण सभा र अधिवेशन अध्यक्षता चारतारे युवा क्लवको विधान २०४९ को भाग ६ को दफा २१ को उपदफा २ वमोजिम कार्यसमितिको अध्यक्षले गर्दछन् । निजको अनुपस्थितिमा कार्यसमितिका उपाध्यक्ष र निज पनि अनुपस्थित र भएमा बैठकमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यबाट सभाको अध्यक्षता गरिने छ ।

१.२ बैठकको संचालन र आदेशका लागि अध्यक्ष जिम्मेवार हुनेछन् ।

१.३ बैठक सुचारु रुपले संचालन गर्न, कसैलाई पनि बोल्नबाट रोक लगाउन आवश्यक परेको खण्डमा अध्यक्षले बोल्नबाट रोक लगाउन सक्नेछन् ।

१.४ बैठकको अवधिमा अध्यक्षले आवश्यक परेका खण्डमा यो Standing order को व्याख्या र वैठक संचालन विधि सम्वन्धि विवादित प्रश्नहरु बारे Ruling गर्ने छन् ।

१.५ अध्यक्षले Ruling गरेको विषयमा कुनै विवाद उत्पन्न भएमा उक्त ruling लाई तत्काल सभा समक्ष निर्णयका लागि प्रस्तुत गरिने छ ।

१.६ अध्यक्षले कुनै पनि समय बैठकको सत्र स्थगत गर्न सक्नेछन् । अर्को निर्णय नलिएको अवस्था सम्म बैठक स्थगन रही रहने छ ।

१.७ अध्यक्षले कुनै पनि समय वक्ताहरुले समयावधि सीमित गर्न सक्ने छन् । अध्यक्षले वैठकमा बोल्न चाहने सहभागीहरु वारे सूचित गर्न सक्नेछन् र अन्य वक्ताहरुको सूचि वन्द गर्न सक्छन् । यो कुनै पनि सहभागीहरुको प्रतिवेदन प्रस्तुत गर्ने वा भोट हुनु पूर्व प्रस्ताव गर्ने अधिकारीलाई खण्डित गर्नेछैन ।

१.८ अध्यक्षले कुनै पनि समय विषयवस्तु (Agenda) को कुनै खास विषयमा समयावधि सीमित गर्ने वा समयावधि समाप्त भएको घोषणा गरी विषयलाई निर्णयका लागि लैजान वा छलफल बन्द गर्ने प्रावधान लागु गर्न सक्नेछन् तर यो प्रावधानले सहभागीको प्रतिवेदन प्रस्तुत गर्ने प्रतिउत्तर गर्ने अधिकार वा भोट हुनु पूर्व प्रस्ताव पेश गर्ने अधिकारलाई खण्डित गर्ने छैन ।

१.९ अध्यक्षले वैठकमा छलफल भएका कुराहरु टिपोट गनै वैठक संचालनका लागि सहयोग गर्न आवश्यकता अनुसार Reporters हरु नियुक्त गर्ने छन् ।

१.१० कसैले क्लवको वैठकको अवहेलना गरेमा सम्वन्धित बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो व्यक्तिलाई सचेत गराउन, नसिहत दिन वा एक वर्षमा नवढाई निलम्वन गर्न वा पदबाट हटाउन सक्नेछन् तर वैठकलाई सन्तोष हुने गरी क्षमा याचना गरेमा विचार गर्न सकिने छ ।

१.११ वैठकको अध्यक्षता गर्ने व्यक्तिले तोकेको स्थान र समयमा सदस्य एवं अन्य पदाधिकारीहरुले आसन ग्रहण गर्नुपर्नेछ ।

१.१२ बैठकमा सदस्य एवं पदाधिकारीहरुको बोल्ने पालो वा समय अध्यक्षले तोकिदिए अनुसार हुने छ। प्रस्तावकले बोले पछि सो प्रस्तावमा बोल्न चाहने सदस्यहरुलाई सभाध्यक्षले बोल्न अनुमति दिनुपर्ने छ। छलफलको अन्तमा प्रस्तावकले बोल्न चाहेमा अध्यक्षता गर्ने व्यक्तिले वोल्न अनुमति दिनु पर्ने छ। एउटै प्रस्तावमा प्रस्तावक वाहेक अरु सदस्य एवं पदाधिकारीहरुले एक पटक भन्दा बढी बोल्न पाउने छैनन।

१.१३ साधारण सभाको बैठकमा कार्यसमितिका कुनै पदाधिकारी वा सदस्यहरुले फ्लोरबाट वा ड्यासबाट कुनै प्रकारको प्रश्न उठाउन पाइने छैन। यसो गरेमा यस Standing orders को १.१० वमोजिम हुने छ।

१.१४ बैठकमा एउटा सदस्य एवं पदाधिकारीहरु वोलिरहेको समयमा अर्को सदस्य एवं पदाधिकारीहरुले कुरा काटी बीचमा बोल्ने छैनन्।

१.१५ बैठकमा भएको छलफलमा कुनै सदस्य एवं पदाधिकारीहरुले अप्रसाङ्गिक कुरा गरेमा वा विधान विपरित छलफल गरेमा वा आपत्तिजनक शब्द प्रयोग गरेमा अध्यक्षले निजलाई रोक्न, सम्झाउनु वा आपत्तिजनक शब्दहरु फिर्ता लिन आदेश दिन सक्ने छन् उक्त आपत्तिजनक शब्दहरु फिर्ता नलिएमा बैठकबाट ३० मिनेटका लागि निस्कासन गर्न सक्नेछन्। यसो गर्दा पनि नभएमा यसै यचमभच १.१० वमोजिम हुने छ।

१.१६ वैठक संचालनको सिलसिलामा सभाध्यक्षले दिएको आदेश र निर्देशन अन्तिम हुने छ।

## २ एजेण्डा (प्रस्ताव)

२.१ कार्यसमितिका सचिव, कार्यकारी निर्देशक र Reporters हरुले सभाध्यक्षसंग सल्लाह गरी साधारण सभाको (एजेण्डा) विषय वस्तु तयार गर्नेछन् र त्यो विषयवस्तु कार्यसमितिमा प्रस्तुत गरिने छ। कार्यसमितिले अनुमोदन गरेपछि उक्त एजेण्डा साधारण सभामा प्रस्तुत गरिने छ।

२.२ साधारण सभामा कार्यसमितिबाट अनुमोदन भै आएका प्रस्तावलाई Adoption का लागि प्रस्तुत तयार गरिने छ। पारित भएपछि यो साधारण सभाको एजेण्डा वन्नेछ। बैठकको स्वीकृति वाहेक अन्य कुनै विषयहरुमा छलफल गरिने छैन।

२.३ कार्यसमितिका सचिव, कार्यकारी निर्देशक र Reporter हरुको कम वैठकको प्रतिवेदन तयार गर्नु हुने छ। त्यस्तो प्रतिवेदनमा वैठकमा निर्णयहरु र छलफलमा प्रतिविम्वित भावनाहरु सम्मिलित हुनेछन्। छलफलको सन्तुलित निचोड र अल्पमतको भावनालाई पनि प्रतिवेदन समेट्ने छ।

## ३. विधान संशोधन प्रस्ताव :-

३.१ वैठक सम्वन्धी कुनै पनि प्रस्तावहरु आधिकारिक र मान्यता प्राप्त सदस्यहरुले मात्र प्रस्तुत गर्न सक्नेछन्।

३.२ अन्य प्रस्तावहरु Emergency Resolution को रुपमा दर्ता गर्न सकिने छ। तर त्यस्तो Emergency Resolution हरु एजेण्डामा समावेश गर्ने नगर्ने निर्णय कार्यसमितिले गर्ने छ।

३.३ चारतारे युवा क्लवको विधान विपरीत वा कार्यसंग असम्वन्धित वा संस्थाको मर्यादामा आँच आउने खालको कुनै पनि प्रस्तावलाई कार्यसमितिले विषय सूचीमा समावेश गर्ने छैन।

## ४. मतदान Voting:

४.१ वैठकमा विधान संशोधन बाहेक अन्य निर्णयहरु सामान्य बहुमतबाट लिइने छ।

४.२ साधारण सभामा भाग लिने सदस्यहरुको नाम १५ दिन पहिले चारतारे युवा क्लवको कार्यालयमा विधिवत् रुपमा दर्ता भएको हुनु पर्नेछ। कम्तीमा पनि ७ दिन पहिले सदस्य तथा पर्यवेक्षकहरुको नाम CYC को कार्यालयमा प्रकाशित हुने छ।

४.३ चारतारे युवा क्लवमा कार्यरत कर्मचारीहरु कार्यसमितिको निर्वाचन साधारण अधिवेशन सम्वन्धमा भएको छलफलमा भाग लिन पाउने छैनन्। तर सदस्य रहेको व्यक्तिलाई भने मताधिकारबाट बन्चित गरिने छैन।

**५. POINT OF ORDER AND INFORMATION:**

५.१ कुनै पनि सहभागीले Points of Order उठाउन सक्नेछन्। तर मतदानको अवधिमा Voting प्रविधि संग सम्वन्धित भएको अवस्थामा Points या Order उठाउन पाइने छैन।

५.२ Points of Order वैठकको संचालन र छलफलको विषयसंग अनिवार्य रुपले सम्वन्धित हुनुपर्ने छ। त्यसले छलफलको विषयवस्तुलाई Refer गर्ने छैन र कुनै अन्य विषयलाई प्रस्तुत गर्ने छैन।

५.३ निम्न विषयहरु Points of Order को रुपमा उठाउन सकिने छ।

- सभाध्यक्षलाई रुलिङ गर्नका लागि अनुरोध गर्न।
- सभाध्यक्षको रुलिङमाथि चुनौती जसको निम्ति अनिवार्य रुपमा अरु २ जना सदस्यहरुको समर्थन आवश्यक हुने छ।
- यदि चाडै मतदान गर्नु पर्‍यो भने, तर त्यो सभाध्यक्षले इच्छामा भर पर्ने छ।
- कुनै प्रस्तावमा मतदान नगर्नका लागि।
- यदि कुनै विषयवस्तुलाई उपसमिति वनाई Refer गर्नु पर्‍यो वा कार्य समितिमा पठाउनका लागि।

**६. Points of Information:**

सहभागीहरुले Points of Information उठाउन सक्नेछन्। तर त्यस्तो Points of Information ले कुनै तर्क प्रस्तुत गर्ने छैन। त्यस्तो Points of Information ले सभाध्यक्ष वा वक्ता समक्ष सम्वन्धित विषयमा सूचनाको आग्रह गर्नेछ।

**७. बाधा अड्काउ फुकाउने अधिकार :**

यो Standing order प्रयोग गर्दा परेका वाधा अड्काउहरु फुकाउन र विधान तथा नियमावलीको अधिनमा रही आवश्यक आदेश तथा निर्दशन दिने अधिकार सभाध्यक्षलाई हुने छ।

**८. जिम्मेवारी तोक्न सक्ने :**

संस्थासंग सम्वन्धित व्यक्तिहरु, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लगायतका जिम्मेवार प्राप्त अन्य व्यक्तिहरु अनुपस्थित रहेको अवस्थामा उनीहरुले गर्ने भनेका कार्यहरु सभाध्यक्षले तोकिदिएको व्यक्तिबाट हुनेछ।

**९. Standing orders को संशोधन :**

- यो Standing orders को संशोधनका लागि सामान्य प्रस्तावको रुपमा संशोधन प्रस्ताव पेश गर्न सकिनेछ।
- यो Standing orders मा कुनै संशोधन नभए साधारण सभाको वैठकको प्रारम्भ Standing orders adoption को Agenda item अर्न्तगत प्रस्तुत गरिने छ। पारित भएमा तुरुन्त लागु भएको मानिने छ।
- यो Standing orders का कुराहरु CYC को विधान अनुसार हुनेछन्।

# नोट/टिप्पणी